रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ८, पूर्णाङ्क १०३ | २०७४ साउन ११ गते बुधबार | Wednesday, 26 July 2017 | www.eratokhabar.com | मूल्य रु. १०

रातो खबर अन्तरक्रिया कार्यक्रममा व्यक्त प्रतिक्रियाको सम्पादित अंश



पृष्ठ ३

## माकेले कांग्रेससँग एकता गरे हुन्छ : बैद्य



■ रातो खबर संवाददाता/काठमाडौं

क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन बैद्य 'किरण' ले माओवादी केन्द्रसँग आफ्नो पार्टीको एकता संभव नभएको भन्दै माकेलाई कांग्रेससँग एकता गर्न सुझाव दिनुभएको छ । वैचारिक हिसाबले माओवादी केन्द्र र आफ्नो पार्टी निकै टाढाको दुरीमा रहेको पनि उहाँको भनाइ छ । अध्यक्ष बैद्यले सत्ताको लागि गरेको सहकार्य र चुनावमा गरिएको तालमेलले माकेले कांग्रेससँग नै एकता गर्दा राम्रो हुने बताउनुभएको छ । साथै, हिजो कांग्रेस जुनशक्ति केन्द्रबाट परिचालित थियो । आज माओवादी केन्द्र पनि त्यही शक्तिबाट परिचालित भएको उहाँको भनाइ छ । भविष्यमा कांग्रेससँग माओवादी केन्द्रको एकता हुन सक्ने सम्भावना रहेको पनि बैद्यले बताउनुभएको छ । विप्लव बैद्यलगायतका कम्युनिष्टहरूसँग प्रचण्डले गरेको पार्टी एकताको आह्वानको विषयलाई लिएर एक प्रेस विज्ञप्ति जारी गर्दै क्रामा अध्यक्ष बैद्यले माओवादी केन्द्रबाहेक अरू विचार मिल्नेहरूसँग एकता गर्न सकिने पनि स्पष्ट पार्नुभएको छ ।

# विप्लवद्वारा प्रचण्डको प्रस्ताव खारेज

**"प्रचण्ड पार्टी विघटन गरेर नेकपामा आउनुपर्दछ" - विप्लव**

■ रातो खबर संवाददाता/काठमाडौं



पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) को केन्द्रीय तहको बैठक आइतबार समापन भएको छ । बैठक समापन गर्दै दाहाल समूहले कम्युनिस्ट ध्रुवीकरणको पासा फेरि थालेका छन् तर दाहालको ध्रुवीकरणको पासोलाई कसैले पत्याएको देखिएको छैन । पूर्व माओवादी पार्टी नेता तथा नयाँ शक्ति पार्टीको संयोजक डा. बाबुराम भट्टराईले दाहाल नेतृत्व र नीतिको उपादेयता नभएको सो समूह भ्रष्टाचार र विकृतिको दलदलमा फसेको कारण दाहालको ध्रुवीकरणको कुनै अर्थ नरहेको बताएका छन् । यसै हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको बैठकपश्चात जारी विज्ञप्तिमा सो पार्टीका अध्यक्ष क. किरणले मार्क्सवाद आधारभूत मूल्यहरू परित्याग गरेको माओवादी केन्द्र र त्यसको नेतृत्वसँग ध्रवीकरण सम्भव र आवश्यक नभएको बताउनुभएको छ । उहाँले मार्क्सवाद र आवश्यक मान्यताभित्र रहेका सामन्तवाद साम्राज्यवाद विरोधी शक्तिहरू बीचमा मात्र एकता सम्भव हुने बताउनुभएको छ । त्यसैगरी नेकपा (मसाल) ले दाहाल समूहलाई राष्ट्रघाती, विखण्डनकारी शक्तिका रूपमा विश्लेषण गरेको छ ।

नेकपाका महासचिव विप्लवले प्रचण्डको ध्रुवीकरण प्रस्तावलाई खारेज गर्दै प्रचण्डले आफ्नो दक्षिणपन्थी समूह विघटन गर्दै नेकपामा प्रवेश गर्ने बताउनुभएको छ । मंगलबार रातो खबर साप्ताहिकसँग संक्षिप्तमा कुरा गर्दै उहाँले सो कुरा बताउनुभएको हो । "यो चुनाव सामान्य कार्यनीति मात्र होइन, शान्तिप्रक्रिया असफल भएर र प्रतिक्रान्ति लादेको अवस्थाको चुनाव हो । शान्तिप्रक्रिया सहभागी दुईओटा शक्तिहरूमध्ये एउटाले नमानेको अवस्था शान्तिप्रक्रिया भाग्न हुने

... बाँकी पृष्ठ ७ मा

## चिनियाँ सेनालाई हल्लाउनु पहाड हल्लाउनुभन्दा कठीन छ – चीन



■ अम्बिका चन्द/काठमाडौं

साउन १० : चीन र भारतबीच सिमा क्षेत्रको विषयमा देखिएको विवाद कायमै रहेको बेला चीनले आफ्नो देशको जनमुक्ति सेनालाई हल्लाउनु भनेको पहाड हल्लाउनु भन्दापनि कठिन भएको बताएको छ । रक्षामन्त्रालयको तर्फबाट पत्रकार सम्मलेन गर्दै चीन आफ्नो राष्ट्रिय सम्प्रभुताको

... बाँकी पृष्ठ ७ मा

## शर्मालाई बचाउन करोडौंको चलखेल

### पूर्व अर्थमन्त्रीहरु पनि विवादमा तानिन सक्ने

■ रातो खबर संवाददाता/काठमाडौं



अरबौंको भ्रष्टाचार काण्डमा मुछिएका आन्तरिक राजश्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्माले अहिले पनि करोडौंको चलखेल गरेका खबरहरु बाहिर आइरहेका छन् । यसैविच यता उनले गरेका अन्य कर्तुतहरु पनि बाहिर आउने क्रम जारी छ । निकै विवादित छविका शर्माले निवेदन दिने कम्पनीको दर्ता नम्बर, करको रकम, मितिसमेत हेरफेर र केरमेट गरेर बदनियतपूर्वक कर मिनाहा गरेको भेटिएको छ । शर्माले राजश्व रकम, दर्ता नम्बर एवं दर्ता र पत्राचार मितिसमेत फेरेर बदनियतपूर्वक कर मिनाहा गरेको खुलासा भएको छ । आयोगमा व्यावसायीको निवेदन दर्ता र कर फछ्र्यौटपछि

... बाँकी पृष्ठ ८ मा

## रातो खबरमाथिको हमला राज्यको पराजित मानसिकताको उपज हो : सुदर्शन




■ अम्बिका चन्द/काठमाडौं

नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले सरकारद्वारा रातो खबर साप्ताहिकमाथि गरिएको हमला पराजित मानसिकताको उपज भएको बताउनुभएको छ । साथै, उहाँले इतिहासमा सञ्चार माध्यमको भूमिका निकै ठूलो रहेको भन्दै विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा ठूलाठूला नेताहरू पत्रिकाका सम्पादक भएर काम

... बाँकी पृष्ठ ७ मा

## माकेको भविष्य : एमालेमा प्रवेश

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला



हारेको जुवाडे झैं शिथिल मुद्रामा माओवादी केन्द्रमा रहेका हाम्रा साथीहरू स्थानीय चुनावको "निर्मम" समीक्षा गर्न पेरिसडाँडा केन्द्रित हुँदैछन् । उनीहरूले नेपालको समग्र राजनीति, माओवादी नेतृत्वको राजनीतिक विचलन एवम् पार्टीको नवसंशोधनवादमा पतन, जनयुद्धले उठाएका मुद्दाहरूप्रति उनीहरूले गरेको विश्वासघात, समाज परिवर्तनको जटिलताका अगाडि प्रदर्शन गरेको कायरता र निर्लज्ज एवम् नग्न प्रकारले साम्राज्यवादको गुलामी जस्ता मूल विषयमा कति निर्मम समीक्षा गर्लान्, त्यो पछि नै देखिएला तर अहिले सामाजिक संजालमा अभिव्यक्त त्यो पार्टीका प्रभावकारी नेताहरूका विचार हेर्दा निर्मम कार्यसूचीको छेउटुप्पो भेटेको देखिँदैन । उनीहरूको रोदनमा समाजको आमूल परिवर्तन होइन, संसद्वादी पार्टीहरूसँगको चुनावी प्रतिस्पर्धामा पछि परेको महसुस गरिँदैछन् । उनीहरूको विचारमा स्थानीय चुनाबमा जनताबाट बहिस्कृत हुनुका कारणहरूमा पहिलो पार्टीमा विभाजन भएको: दोश्रो, सरकारमा भएर पनि त्यसको सही उपयोग गर्न नसकिएको: तेश्रो, सरकारले गरेका काम कारबाहीलाई जनताका सामु लान नसकेको: चौथो, जनताले नै माओवादी केन्द्रलाई नबुझिदिएको: पाँचौं, दर्जन पार्टीहरूका बीचमा एकता भए पनि त्यसलाई जनताका बीचमा लान नसकेको: छैटौं, एमाले र कांग्रेसले धेरै रूपैयाँ खर्च गरेको: सातौं, एमाले पार्टीले एनजीओ प्रयोग गरेको आठौं, पाँच हजारको केन्द्रीय समिति निकम्मा भएको: नवौं, कांग्रेससँग गठबन्धन गरे पनि माकेले कांग्रेसको रुखमा भोट दिएको तर कांग्रेसले माकेको चुनाब चिन्हमा भोट नदिएको: दसौं, माकेका भोटर अरू पार्टीको चुनाव चिन्हमा परेकोलगायतका तमाम तर्कहरू दिइएका छन् । यी तर्कहरूको सम्बोधन गर्न परिवर्तनको अभिलासा बोकेर नेतृत्वको मति फिर्ने आकांक्षासहित माकेमा रहेका हाम्रा कमरेडहरूको आत्मरतिकै लागि सही, प्रचण्डको चातुर्यपूर्ण तर गम्भीर मत प्रकट हुने गरेको छ, निर्वाचनमा एमाले कांग्रेस आए पनि एजेन्डा माओवादीको लागू हुँदैछ । निर्वाचनमा हारे पनि राजनीतिमा माओवादीको जित भएको छ । यो पटक त यस्तै भयो, आगामी दिनहरूमा चुनाव राम्रो गरौंला आदि । यी भनाइहरूले जति माकेको भ्रममा परेका तर राजनीतिक पराजयको आर्तनाद खपेका कमरेडहरूमा मलमपट्टी गर्दैछ त्योभन्दा बढी

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

### सञ्चारयुद्ध

वर्गसमाजमा मानवजीवनसँग गाँसिएका सबै पक्ष वर्गीय हुन्छन् । जीवनदर्शन नै वर्गीय भएपछि त्यससँग आबद्ध विचार, राजनीति, संस्कृति, अर्थ, कला, सञ्चार, सूचना, प्रविधिलगायत क्षेत्र पनि वर्गीय हुने नै भए । यो अकाट्य सत्य हो । श्रमजीवी, मजदुर, किसान, महिला, बौद्धिक तथा सर्वहारावर्ग र यसले वर्गमुक्तिका लागि सञ्चालन गरेको वर्गसङ्घर्ष अघि बढाउने क्रममा दर्शन, विचार, राजनीति, प्रविधि, सेना, हतियारलगायत क्षेत्रको जति महत्व छ सूचना र सञ्चारको महत्व पनि त्योभन्दा कम छैन । त्यसैले यो वर्गसमाजमा सामाजिक जीवनका अन्य पक्षजस्तै सञ्चार, सूचनाप्रविधि र यसको सञ्चालन पनि वर्गीय नै छ । एउटा पक्षले सूचनाप्रविधि, आमसञ्चार र राज्यको चौथो अङ्गका नाममा सत्तासीन शोषक वर्ग, शोषणप्रधान सत्ता र उसका अवयवका पक्षमा सूचना सञ्चार गर्छ भने अर्को पक्षले श्रमजीवी श्रमिक, उत्पीडित तथा न्याय र मुक्तिका पक्षमा लडिरहेको सर्वहारा वर्गका पक्षमा सूचना प्रवाह गर्छ । त्यसैले वर्गसमाजमा दर्शन र दर्शनका बीच, विचार र विचारका बीच, राजनीति र यससँग गाँसिएका विविध पक्षका बीच जसरी दृश्य वा अदृश्य रूपमा, प्रत्यक्ष वा परोक्ष रूपमा सङ्घर्ष सञ्चालन भइरहेको हुन्छ सञ्चारमा पनि त्यसैगरी सङ्घर्ष जारी छ । सर्वहारावर्ग मुक्त नभएसम्म यो जारी रहन्छ । यसका लागि उत्पीडितवर्गले पनि सञ्चारमा पहुँच बढाउनु र यसको प्रयोगलाई व्यापक र प्रभावकारी बनाउनु आवश्यक छ ।

प्रतिक्रियावादी शासक वर्गले सत्ता र शक्तिको प्रभावमा पारेर निगम पुँजी प्रवाह गराएर ठूला सञ्चारगृहहरू सञ्चालन गरे-गराएका छन् । मिडियाका बिग हाउसहरूले आफ्नो वर्गका पक्षमा सन्देश प्रवाह गरे-गराएका मात्र छैनन्, उनीहरूले सत्तामा आफ्नो वर्गस्वार्थअनुकूलका पात्र, प्रवृत्ति र समूहहरू चयन गराएर आफ्नो स्वार्थ पनि पूर्ति गराउँदै आएका छन् । प्रतिक्रियावादी, यथास्थितिवादी सत्तासञ्चालित बिग हाउसहरूले निगम पुँजी र दलाल पुँजीको बलमा सत्ता नै उलटपुलट गराएका दृष्टान्तहरू छन् । प्रविधिको विकास र पहुँचका कारण आज प्रायः मुलुकका नागरिक सञ्चार-प्रविधिमैत्री छन् । समाजका अन्य क्षेत्रमा जस्तै आज सञ्चारका क्षेत्रमा पनि होड छ। सत्तास्वार्थ र व्यापारिक स्वार्थकै कारण आज बिग हाउसहरूमा दलाल वर्ग र अवैध क्षेत्रबाट कालो धनसमेत लगानी भएका प्रमाणहरू बाहिर आएका छन् । यसले श्रमजीवी वर्गलाई सचेत हुन बेलैमा सावधान गराएको छ किनकि दलाल वर्गले सूचना, प्रविधि र सत्तालाई दुरूपयोग गरेर श्रमिक वर्गका हकअधिकारहरू कटौती गर्नुका साथै उनीहरूका विरुद्ध गम्भीर षड्यन्त्रहरू गरिरहेको छ । बिग हाउस अर्थात् अवैध धन चोख्याउन खोलिएका मजदुर र न्यायप्रेमी वर्गका विरुद्धका सञ्चार मोर्चाहरूले संसारका कुनै पनि मुलुकमा सञ्चालित न्यायपूर्ण आन्दोलनहरूको सत्य समाचार र जनताको वास्तविक जीवन र उसका उद्देश्यहरू सम्प्रेषण गर्दैनन् । क्रान्तिमा लागेको वर्गको, श्रमिक सर्वहारा वर्गको सत्य समाचार र सूचना सम्प्रेषण गर्न पनि यो वर्गसँग शक्तिशाली सञ्चारमाध्यम हुनु र त्यसको उचित प्रयोग हुनु आवश्यक छ। सेना नभएको जनतासँग आफ्नो भन्नु केही हुँदैन भनेजस्तै यतिबेला सञ्चार, प्रविधि नभएको श्रमिक वर्गसँग आफ्नो भन्ने केही हुन्न भन्ने अवस्था उत्पन्न भइसकेको छ । त्यसैले पनि वर्गसङ्घर्षमा सञ्चारको ठूलो महत्व छ र जनपक्षीय सञ्चारमाध्यमहरूको आवश्यकताबोध त्यसै स्तरमा बढ्दै गएको छ ।

यसरी सामान्य रूपमा हेर्दा पनि यो सञ्चारको युग हो भन्ने प्रमाणित हुन्छ र मुक्तकामीवर्गका लागि यो अत्यन्तै आवश्यक औजार हो भन्ने सार्थक हुन्छ । आज जोकोहीको पनि पहिलो चासोको विषय आज कहाँ के भयो हैं भन्ने हुने गरेको छ । सैद्धान्तिक रूपमा सञ्चारमाध्यम र अझ आमसञ्चारमाध्यमलाई त आवाजविहीनहरूको आवाजसमेत भन्ने गरिएको छ । तर दलाल पुँजीपति वर्गले यही नारालाई भँजाएर श्रमिक वर्गमाथि शोषण गर्ने गरेको छ । यतिले मात्र नपुगेर यो वर्गले सञ्चारमाध्यमलाई राज्यको चौथो अंग नै भनेर पनि फुक्र्याइदिने र यसकै आधारमा समाजमा ब्रह्मलूट मच्चाउने गरेको छ । दलाल वर्गको अन्त्यका लागि स्थापित सञ्चारमाध्यमले दलाल वर्गले सञ्चालन गरेका सञ्चारमाध्यमले उत्पन्न गरेको भ्रम अन्त्य गर्नुका साथै आम श्रमजीवी वर्गमा सही सूचना सम्प्रेषण गरेर आन्दोलनको एउटा मोर्चाको जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था छ । बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भनेजस्तै सञ्चारप्रविधिमा पहुँच हुनेको सुनुवाइ हुने र नहुनेले दबिएर, हेपिएर बस्नुपर्ने अवस्था छ । त्यसैले दलाल वर्गले आफ्नो स्वार्थसिद्ध गराउन सबै शक्ति प्रयोग गरेर सञ्चारमाध्यमको दुरूपयोग गरिरहेको अथार्थ मनन गरेर जनसञ्चारको अभिवृद्धि गर्नु अपरिहार्य छ । आन्दोलन र क्रान्तिकै माध्यमबाट दलाल वर्गको यो शक्ति समाप्त नपारेसम्म वर्गसङ्घर्ष अघि बढ्न र मुक्ति प्राप्त गर्न गाह्रो छ ।

सञ्चारमाध्यममा अहिले प्रकाशनको प्रतिस्पर्धामा विद्युतीय माध्यम अघि आएको छ । इन्टरनेटको माध्यमबाट अनलाइन पत्रिकाको प्रभाव बढेको छ । नेटको पहुँच सहरबाट नगर र गाउँसम्म विस्तार भएको छ । जनपक्षीय शक्तिहरूले इन्टरनेटको प्रयोगबाट दलाल वर्गले जनतामा छोरेको भ्रम चिर्न र आफ्ना विचारहरू प्रवाह गर्नु आवश्यक छ । एकीकृत जनक्रान्तिमा सञ्चार युद्धको पनि उत्तिकै महत्व छ । सहर, नगरदेखि गाउँसम्म यसको व्यापक प्रभाव बढाउनु आवश्यक छ । यसका लागि क्षमता, सीप र प्रविधिमा पहुँच बढाउनु जरूरी छ ।

#### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# कर्णालीमा स्थानीय चुनाव खारेज अभियानको समीक्षा

राज्यले भौगोलिक उत्पीडनमा पारेको तर विकासको प्रचुर सम्भावना बोकेको कर्णाली क्षेत्र हो । अझै पनि विकासको मूलप्रवाहमा आउन सकिरहेको छैन । रोग, भोग र गरिबीको चपेटामा पर्दै र पारिँदै आएको छ । यही उत्पीडन र गरिबीबाट मुक्त हुन कर्णाली प्रदेशले आफ्नो सुन्दर भविष्यको खोजी गर्दै आमूल परिवर्तनका लागिका थालिएका संघर्षमा कुशल नेतृत्व र कमान्डरको परिचयमा आफ्नो नाम दर्ज गर्दै आइरहेको जिउँदो इतिहास घाम झैँ छर्लङ्ग छ । सबैखाले प्रतिकृयावाद, संशोधनवाद र सुधारवादका विरुद्ध संघर्ष गर्दै, बलिदानीका कैयौँ विभीषिका खडा गरेर महान् जनयुद्धको क्रममा मालेमाको वैज्ञानिक प्रयोग विकास क्रमसँगै आधारइलाकाको रूपमा खडा भएर यस क्षेत्रले प्रतिक्रियावादी सत्ताको खारेजी जनसत्ता संचालनको अभ्यास गरिसकेको हो । आन्तरिक र बाह्य चुनौतीको सामना गर्दै जबर्जस्त केन्द्रीय राजनीतिमा उपस्थिति र प्रभाव कायम गर्ने सफल हुँदै आइरहेको छ । शान्तिपूर्ण राजनीतिक संघर्ष र त्यहीक्रममा २०६४ सालको संविधानसभाको निर्वाचनमा एकलौटी आफ्नो प्रभावक्षेत्रको रूपमा पहिचान दिँदै सबै क्षेत्रबाट तत्कालीन नेकपा (माओवादी) ले विजय हासिल गऱ्यो ।

शान्तिपूर्ण राजनीतिक संक्रमणकालमा स्थानीयस्तरमा प्रतिक्रान्ति र प्रतिक्रियावादी शक्तिद्वारा बदलास्वरूप हाम्रो पार्टीविरुद्धमा भएका सबैखाले आक्रमणको कुशलतापूर्वक प्रतिरोध गर्न सफल भएको कर्णाली प्रदेश माओवादी आन्दोलनका कमान्डर भनेहरूको विचलनताका विरुद्ध संघर्ष गर्दै क्रान्तिकारी विचार, नेतृत्व रक्षाको पक्षमा सतिसालझैँ खडा भयो । माओवादी आन्दोलनको विचलनता र पार्टीभित्र देखापरेको नवसंशोधनवादी प्रचण्ड, बाबुराम मण्डलीविरुद्धको अन्तरसंघर्षमा २०६९ असार २ गते सम्बन्ध-विच्छेद गरी नवगठित नेकपा (माओवादी) क. किरणको नेतृत्वमा पूरै कर्णाली प्रदेशले विद्रोह गरी क्रान्तिकारी आदर्श र मूल्यको रक्षा र उपलब्धिका लागि अघि बढ्ने संकल्प गऱ्यो । २०७० सालको कथित दोस्रो संविधानसभाको निर्वाचन पार्टीभित्रको अकर्मण्यतावादी सोच र अस्पष्ट कार्यदिशाका बाबजुद पनि सशक्त र प्रभावकारी बहिस्कारमा कर्णाली सहभागी भयो । तत्कालीन नेतृत्व क. किरणको अस्पष्ट कार्यशैली, अकर्मण्यतावादी सोचका कारण नेपालमा क्रान्ति सम्भव छैन भन्ने निष्कर्षका साथ क. विप्लव नेतृत्वको नेकपा माओवादीले विद्रोह गरेपछि कर्णालीका पार्टी, जनताले क्रान्तिकारी लाइन र नेतृत्वको पक्षपोषण गर्दै अगाडि बढिरहेको ताजा क्रान्तिकारी इतिहास कायम गऱ्यो ।

प्रतिक्रान्तिलाई क्रान्तिकारी आन्दोलनबाट प्रतिवाद गर्ने, जनयुद्धले प्राप्त गरेका उपलब्धिहरूको रक्षा र पूर्ण विजयका लागि पार्टीले वैज्ञानिक कार्यदिशा, कुशल संगठन, आधारक्षेत्रको पूर्ण सुदृढीकरणको योजनाका साथ पहल गरी अगाडि बढ्ने प्रयत्न जारी राख्ने । यो अवस्थामा प्रष्ट देश दुई धारमा विभाजित भयो, माओवादी क्रान्तिकारी धारा र सुधारवादी प्रतिक्रान्तिकारी, यथास्थितिवादी धारमा देश ध्रुवीकृत भएर अगाडि बढ्ने थालनी भयो । देश अब आर्थिकक्रान्तिको बाटोमा लागेको माओवादी सिद्धिएको ढोलक बजाई हर्षबढाइँ गरिरहेका नवसंशोधनवादी र प्रतिक्रियावादीलाई चुनौती दिँदै तत्कालीन पार्टीले आठौँ महाधिवेशनको उद्घाटन कार्यक्रम र २२ औं जनयुद्ध दिवस काठमाडौँको खुलामंचमा व्यापक जनसहभागितामा सहित भव्यरूपमा सम्पन्न भयो । यसले सबैखाले दुश्मनलाई चुनौती दियो । यसले जनयुद्धको मर्म र भावना पूरा नभएको सन्देश थियो । अर्को निर्णायक क्रान्तिकारी तयारीको उद्घोष गऱ्यो । दलाल संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवाद अनिवार्य भएको सन्देश राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा आह्वान गऱ्यो । हामी आठौँ महाधिवेशनको बन्दसत्रमा थियौँ । प्रतिक्रान्तिविरुद्ध खडा भएको शक्तिबाट आतंकित दलाल संसदीय व्यवस्थाले स्थानीय चुनावको नाटक मंचन गऱ्यो । जसमार्फत क्रान्तिकारी शक्तिलाई निस्तेज पार्न सकियो दुवै ध्रुवको राजनीतिक संकट निकै उचाइतिर व्यक्त हुने परिवेश खडा भयो ।

**कथित स्थानीय चुनावको घोषणा**

दलाल सरकारले दुई चरणमा स्थानीय चुनाव गर्ने घोषणा गऱ्यो । वैशाख ३१ र अर्को असार १४ क्रान्तिकारी शक्तिलाई निस्तेज पार्ने राज्यको सबै शक्ति सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीलाई चुनावमा प्रयोग गर्ने नीति लियो । एकै चरण गर्न नसकिने निष्कर्ष भनेको जनबलबाट आतालिएर यसो गरेको हुन सक्छ । सुरक्षा रणनीतिको नाममा सामान्य संवेदनशील र अति संवेदनशील क्षेत्रको रूपमा परिभाषित गऱ्यो । योक्रममा कर्णाली क्षेत्र अति संवेदनशीलको रूपमा परिभाषित गऱ्यो । कर्णाली जनताको क्रान्तिकारी संघर्षबाट आतालिएको अर्को प्रमाण पनि हो । यो अवस्थामा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले प्रतिक्रान्तिलाई पूर्णता दिन दलाल संसदीय व्यवस्थाको सुदृढीकरणका लागि हुने स्थानीय निर्वाचनको जमेर प्रतिवाद गर्ने, खारेजीको कार्यनीति अवलम्बन गऱ्यो । अबको खारेज अभियान २०७० सालको जस्तो नहुने, यो एकीकृत जनक्रान्तिको कार्यदिशाको निर्देशनमा हुने त्यसका लागि सम्पूर्ण तयारी गर्ने । कर्णाली ब्युरोलाई ठोस निर्देशनको आधारमा खारेजी अभियान संचालन गरियो ।

**एकीकृत जागरण तथा प्रतिरोध अभियान**

केन्द्रीय समितिको दोश्रो बैठकबाट पार्टी पार्टीले ३ महिने एकीकृत जागरण तथा भण्डाफोर अभियान थालनी गऱ्यो । यसअन्तरगत बैठक प्रशिक्षण, अन्तरक्रिया, कोणसभा र ठूला-ठूला जनसभामार्फत आठौँ महाधिवेशनले गरेका समग्र नीतिगत तथा संगठनात्मक निर्णय र समग्र योजनालाई कर्णाली ब्युरो मातहतका सम्पूर्ण पार्टी तथा जवस-मोर्चामार्फत आम-जनसमुदायसम्म प्रभावकारी रूपले सम्प्रेषण गर्ने कथित स्थानीय चुनावको भण्डाफोरमा केन्द्रित गऱ्यो ।

**कथित स्थानीय चुनावको खारेजी अभियान**

जनयुद्धको सफलता नहुँदै पार्टी नेतृत्वले लिएको आत्मसमर्पण र नेपाली जनयुद्धले खाएको गम्भीर प्रकारको धक्का सबैभन्दा बढी संघर्षको अग्रमोर्चा पर्ने कुरा स्वाभाविकै थियो । फुट र विभाजनको प्रभाव प्रतिकृयावादी र संशोधनवादीहरूद्वारा सृजना गरिएका कैयौँ भ्रम जसले संगठन र जनतामा परेको निराशा अकर्मण्यतालाई चिर्दै नेपालीक्रान्ति सम्भव छ । त्यो हाम्रो पार्टीले गर्दा त्यो हाम्रो नेतृत्वमा एकीकृत जनक्रान्तिमार्फत पूरा गर्न सकिन्छ भन्ने आत्मविश्वास आम-क्रान्तिकारी पंक्तिमा नयाँ स्तरमा विश्वस्त तुल्याउनु, सुधारवाद र संशोधनवादको प्रभावबाट पार्टीलाई मुक्त गर्दै सुदृढ र सुदृढीकरण अभियान संचालन गर्नु सच्चा मालेमावादी क्रान्तिकारी पार्टी निर्माणको प्रश्न हल गर्न पार्टी जीवनमा तल्ला एकाइसम्म मिटिङ्ग, प्रशिक्षण अन्तरक्रिया गर्दै, खारेजी अभियानको औचित्य पुष्टि गर्न प्रतिक्रान्ति र


एटम

सुधारवादी दलाल व्यवस्थाको सुदृढीकरणका लागिरहेको कथित स्थानीय निर्वाचनको व्यापक भण्डाफोरको काम अभियानात्मक रूपले सम्पन्न गरियो । वैचारिक, राजनीतिक, संगठनात्मक र संघर्षको तयारीमा पार्टी अघि बढ्दै जाँदा आन्तरिक तथा जनपंक्तिमा उत्साहको वातावरण पैदा हुँदै गयो । जनतामा भेटघाट छलफलको वातावरण तीव्र भयो । योक्रममा दैलेखको राकममा जेठ १२ गते गरिएको जनप्रतिरोध सभा, जुम्लाको गोठीज्यूलामा भएको जेठ १४ को जनसभा प्रहरी हस्तक्षेपका बाबजुद प्रतिरोध संघर्षका बीचमा सम्पन्न भए । कालिकोटको ४ वटा कमाण्डस्तरमा संचालन भएको राष्ट्रिय जागरण तथा प्रतिरोध अभियान उल्लेख्य र प्रभावकारी भए । पार्टी नीति, योजना सम्प्रेषण, संगठन परिचालन, जनपरिचालन भव्य ढंगले सम्पन्न भयो । विशेषतः युवा संगठनको तयारी प्रभावकारी रूपमा सम्पन्न गरियो । कथित स्थानीय चुनाव खारेजीका लागि सबै जिल्ला केन्द्रीकृत तथा विकेन्द्रीकृत युवा संगठनको तयारी संगठन निर्माण ठोस परिचालनको योजना निर्माण भयो । कथित संसदीय व्यवस्थाको स्थानीय चुनाव खारेज गरौँ जनसत्ताको निर्माण गरौँ, एकीकृत जनक्रान्ति जिन्दावाद, शान्ति, समृद्धि, स्थायीत्व र विकासका लागि वैज्ञानिक समाजवाद भन्ने नारा व्यापक रूपमा वालपेन्टिङ, पर्चा, पोस्टरको वितरण गरियो ।

चुनावलाई संसदीय दलाल पार्टीको तुलनामा नेकपाको गतिविधि तीव्र भइसकेपछि दलाल राज्यव्यवस्थाले नाम लिस्ट संकलन, पिछा गर्ने, विभिन्नखालका भ्रम सृजना गर्ने, अनावश्यक फोनबाट आतंकित पार्नेजस्ता गतिविधिका साथै धरपकड र गिरफ्तारी सुरु गऱ्यो । नेकपाको बढ्दो प्रभाव तीव्र गतिविधिबाट आतंकित राज्यप्रशासनले १९ गते दैलेख, सातलाको सुकिपिउली भन्ने ठाउँमा जनता र पार्टी युवा संगठनको प्रशिक्षण भेलामा दिउँसो ३ बजे घेरा हाली जिल्लाको इन्चार्ज/डिसिएस क. विवेक, राष्ट्रिय युवा जनस्वयम् सेवकका कर्णाली ब्युरो संयोजक क. दिनेश, जिल्ला सदस्यहरू क. प्रेम, क. जीवनलगायत ७ जना कमरेडहरूलाई गिरफ्तार गऱ्यो । करिब ४३ दिनको जेलजीवनपछि जेठ ३० गते उहाँहरू सबै जना रिहा भएका छन् ।

पार्टी कामको सिलसिलामा जुम्ला खलंगामा पुगुभएका जिल्ला इन्चार्ज क. रविकिरणलाई बिनाकारण जुम्ला प्रशासनले वैशाख १९ गते बिहान ८ बजे गिरफ्तार गऱ्यो । युवाको जिल्ला संयोजक क. वीरबहादुरलाई चौधविषबाट गिरफ्तार गऱ्यो । उहाँहरू ३६ दिनपछि बन्दी प्रत्यक्षीकरणको मुद्दा लडी उच्च अदालतले सफाई दिएपछि रिहा हुनुभयो । उता गमगढीमा जगी बुढा क. वायुलाई गमगढी प्रशासनले गिरफ्तार गऱ्यो र केही दिनको हिरासतको बसाइपछि उहाँ पनि रिहा हुनुभयो ।

दुश्मनको व्यापक धरपकडले प्रतिक्रान्तिकारी स्थानीय चुनाव खारेजीको अभियान कमजोर भएन, बरु झनै सशक्त र प्रभावकारी बन्दै गयो । बहिस्कार आन्दोलनको तयारीकै सिलसिलामा फुकोट पुच्छेगाउँमा पार्टीको बैठकमा जुटिरहेका नेता कार्यकर्तालाई दमन गर्न आएको रास्कोटको ४ दर्जन प्रहरीले छोराको विवाहका लागि व्यवस्थापन गरिरहेका हाम्रा पार्टी ब्युरो सदस्य क. विराटलाई गिरफ्तार गर्ने खोज्दा पार्टीले जनतासहित संयुक्त रूपले वैशाख २३ गते उच्च प्रतिरोध गरेका थिए यो क्रममा केही प्रहरी घाइते हतियार तोडफोड, दुश्मनको भागाभाग भएको थियो । प्रतिरोध र खारेजी अभियानको पहिलो कारबाही शानदार भयो । दुश्मनलाई एकै गाँसमा ढुङ्गा भनेजस्तै भयो, जसले कार्यकर्ता जनतामा उत्साह र दुश्मनलाई झड्का दिन सफल प्रतिरोध संघर्ष भयो । बहिस्कारको क्रममा मुम्राका जनताले आफ्नो आधारक्षेत्रलाई पूरै निषेधित क्षेत्र घोषणा गर्नु, भ्रमवस मतदान प्रक्रियामा सामेल हुन खोजिरहेका केही जनतालाई फिर्ता ल्याउनु, स्वस्तिक छाप कब्जा गरेर नक्कली छाप राखी सयौँ मत बदर हुनु भिन्न रूपमा भएको प्रभावकारी बहिस्कार उल्लेख गर्नलायक छन् ।

गाउँपालिकाको बोर्ड हटाउने, प्रचार-प्रसारमा निषेधित क्षेत्र घोषणा गर्ने, उम्मेदवार नहुन दिने, भेटघाट, पत्रचार गर्ने, चुनाव प्रचार सामग्री कब्जा गर्ने, उम्मेदवारको घरमा कालोझन्डा गाड्ने, उनीहरूको गतिविधिको जनतामार्फत प्रतिरोध गर्ने, २९ गते ब्युरोभरि मुख्य-मुख्य स्थानमा सशस्त्र मसाल जुलुस, ३० गतेको नेपालबन्दको योजनामा पार्टीको प्रभावकारी परिचालन गर्दै खारेज आन्दोलन नयाँ उचाइमा उठाउन सकियो ।

**ऐतिहासिक प्रतिरोध र मतदान केन्द्र कब्जा**

मुगु जिल्लाको छायानाथ रारा नगरपालिकाको वडा नं. १२ शोभा गाउँका जनताले चुनाव गराउन खटिएको केही दिनदेखि मतदान केन्द्रमा हुकुम चलाउँदै बसिरहेको सुरक्षा टोली र मतदान टोलीमाथि जेठ ३० गते नै साहसिक आक्रमण गरी मतदान केन्द्रमा रहेको सम्पूर्ण सामग्री कब्जा गरी नष्ट पार्ने काम गरी बहिस्कार आन्दोलनको पहिलो तथा ऐतिहासिक कारवाही सम्पन्न भयो । यो प्रतिरोध संघर्षमा सहभागी नेता, कार्यकर्ता, युवा जनतालाई विशेष धन्यवाद दिन चाहन्छु । यो प्रतिरोध संघर्षका केही रोचक पक्षहरू छन्, जसलाई उल्लेख गर्न सान्दर्भिक ठानेको छु ।

एकीकृत जनक्रान्तिको कार्यदिशालाई भरपूर प्रयोग गर्दै, पार्टी, जनता, युवाहरूको सयौँको उपस्थितिमा पूरै मतदान टोलीलाई नियन्त्रणमा लिइएको सफल साहसिक तथा ऐतिहासिक बहिस्कार आन्दोलनको पहिलो प्रतिरोध कारबाहीको बिहान ठीक ११ बजे एकै साथ हतियार सुरक्षा निकाय, कर्मचारी र सम्पूर्ण मतदान सामग्री आफ्नो नियन्त्रणमा लिएर कारबाही सम्पन्न भयो । हतियार नियन्त्रणमा लिइसकेपछि सुरक्षा निकाबबाट प्रतिवाद गर्ने अवस्था रहेन । हामी तपाईंहरूको विरुद्धमा होइन, दलाल स्थानीय चुनावको खारेज अभियानअन्तर्गत हामीले यो कारबाही गरेका हौँ भन्दै सुरक्षा निकाय र कर्मचारीलाई सम्झाइ बुझाइ हतियार फिर्ता गरी सम्पूर्ण टोली मतदान केन्द्रबाट फिर्ता भएको थियो । यहाँ संघर्षको छापामार र मोर्चाबन्दी रूपको एकै साथ प्रयोग भएको पाइन्छ । शक्ति परिचानका हिसाबले एकीकृत शक्ति पार्टी, जनता र युवाको संयुक्त प्रतिरोध थियो । दुश्मनका अवस्थालाई बुझ्ने र आफ्नो तागतलाई उचित मूल्याङ्कन गरी उपयुक्त समयको निर्धारण गरी कारबाही सम्पन्न भएको थियो । यो प्रतिरोध संघर्षले देशैभरि बहिस्कार आन्दोलनमा रहेका जनतामा उत्साहको संचार गऱ्यो भने दुश्मनको पंक्तिमा आतंक सृजना गर्ने सफल रहयो । कुशल नेतृत्व र वैज्ञानिक योजना निर्माण, उच्च मनोबल, सम्पूर्ण पंक्तिको भरपूर तयारी, प्रतिरोध संघर्षको अर्को अति महत्वपूर्ण पक्ष हो यो । संघर्षको समग्र महत्व ऐतिहासिक कायम गर्दै शोभा गाउँ र यहाँका जनताले आफ्नो क्रान्तिकारी परिचय दिन सफल भएका छन् ।

महान् जनयुद्धको तेस्रो पिल्लरको रूपमा आफ्नो पहिचान बनाउन सफल कालिकोट विशेषतः माल्कोटबासी जनसमुदायले अर्को ऐतिहासिक साहसिक प्रतिरोध संघर्षमार्फत जेठ ३१ गते साँझ ४ बजेको समयमा सेरापाटा मतदान केन्द्रमा दलालहरूले फर्जी मत हाली चुनाव सम्पन्न गर्नेक्रममा भएको विवादले चर्को संघर्षको रूप लियो कारण, सम्पूर्ण मतदान सामग्री ध्वस्त पार्ने सफल ऐतिहासिक कारबाही सम्पन्न भयो । सामान्य विवादकै क्रममा एक्कासी प्रहरीले सयौँ राउन्ड गोली चलायो, मतदान केन्द्रमा रहेका धनरूप बटालासहित ५ जना सख्त घाइते भएपछि जनताको आक्रोश र प्रतिरोधले चर्को रूप लियो मतदान केन्द्र रणभूमिमा परिणत भयो । जनताको आक्रोशको सीमा रहेन । कारण, हँसिया बन्चरो, दाउरा, ढुङ्गाले चौतर्फी आक्रमण भयो । निर्वाचनका सम्पूर्ण सामग्री नियन्त्रणमा लिएर जलाएर ध्वस्त पारियो । प्रहरीलाई वादर लखेटेझैँ गरी

... बाँकी पृष्ठ ५ मा

# रातो खबर अन्तरक्रिया कार्यक्रम

(काठमाडौंस्थित सिटी म्याक्स प्यालेसमा रातो खबरको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा व्यक्त प्रतिक्रियाको सम्पादित अंश)

## जनादेशको उत्तराधिकारी बनोस्

■ जीवन हमाल



हामीसँग जनादेश साप्ताहिक, जनदिशा दैनिकको अनुभव छ । जनयुद्धका विरुद्ध शाही सेना परिचालन भएपछि 'जनगणतन्त्र रेडियो' देशका विभिन्न जिल्लामा संचालन भएका थिए । हामीले संवाददाता भएर समाचार पठाउँथ्यौँ । जनताको पक्षमा काम गर्ने ई-रातोखबर र साप्ताहिकलाई आवश्यक सहयोग आज पनि गरिन्छ । प्रकाशन प्रसारणको प्रगति र निरन्तरताको कामना गर्दछु । यो जनादेशको विकल्प बनोस् ।

## समाजको चेतनास्तर उठाउन सञ्चारको ठूलो भूमिका रहन्छ



■ प्रकाश ढकाल, पाठक

रातो खबर साप्ताहिकको वितरण तथा व्यवस्थापन राम्रो भएको छैन । हामी महिमा साप्ताहिकमा काम गर्दा घरघरमा पुऱ्याउने गर्थ्यौं । अहिले त्यो भएको छैन । व्यवस्थापन राम्रो हुनुपऱ्यो । गाउँमा पुग्नुपऱ्यो । अखबार गाउँमा सीमित हुनुभएन । समाजको चेतनास्तर उठाउन सञ्चारको ठूलो भूमिका रहन्छ । आर्थिक पक्षमा राम्रो व्यवस्थापन भएन भने अरू काम पनि राम्ररी गर्न सकिन्न । विद्यालय र कलेजमा पुऱ्याउने गर्नुपर्दछ ।

## विद्युतीय संचारमा जोड दिनुपर्छ

■ पुष्प न्यौपाने, रेडियो मिर्मिरे



सबै प्रकृतिका समाचार प्रकाशन, प्रशारण गर्नुपर्दछ । समाचारमा विविधीकरण हुनुपर्दछ । विद्युतीय माध्यमलाई जोड दिन आवश्यक छ । छापा माध्यम चाहिन्छ । त्यसको आफ्नै महत्व छ तर विद्युतीय माध्यम बढी प्रभावकारी हुँदै गएको छ ।

## रातो खबर सँधै रातो नै रहिरहोस्



■ कृष्ण सेवा, विद्यार्थी नेता

रातो खबर प्रकाशन गृहको सफताको कामना गर्दछु । विज्ञान र प्रविधिलाई प्रयोग गर्नुपर्दछ । विद्यालयस्तरमा कसरी पुऱ्याउने भन्ने योजना बनाउन आवश्यक छ । २१ औं शताब्दीका विशेषताहरू अवलम्बन गर्न आवश्यक छ । रातो खबर सधैं रातै रहोस् । यसले रङ नबदलोस् । यसले नागरिकलाई यथार्थ समाचार र जनपक्षीय विचार प्रदान गरिरहोस् ।

## रातो खबरविरुद्धको आक्रमण सत्ताधारीको पराजयको सूचक हो

■ हेमन्त प्रकाश ओली, नेता नेकपा



आज मात्र होइन, इतिहासमा पनि सञ्चारको ठूलो महत्व रहँदै आएको छ । सञ्चार आज साइबर युद्धमा पुग्दा कतिपय अवस्थामा निर्णायक हुन थालेको छ । त्यसैले यसको भूमिका सामान्य छैन ।

कार्ल मार्क्स दार्शनिक संगठन मात्र होइन एकजना प्रमुख सम्पादक पनि हुनुहुन्थ्यो । इस्काको सम्पादक लेनिन आफैं हुनुहुन्थ्यो । सञ्चार सञ्चारको साधन मात्र नभएर संगठक पनि हो । त्यसैले रातो खबर प्रकाशन गृहले एउटा मोर्चा सम्हालिरहेको छ । मैले आफैंले जे जति लेख्नुपर्ने हो त्यति लेख्न सकिरहेको छैन । मेरो आत्मालोचना पाटो यो छ । लेनिन र माओले निरन्तर लेखिरहनुहुन्थ्यो । यो काम औपचारिक टोलीको मात्र होइन । हिजो घरघरमा हकर पठाउनुको विकल्प थिएन । आज विद्युतीय माध्यमबाट क्षणभरमा घरघरमा पुऱ्याउन सकिन्छ । अमेरिकीहरू हिलारी क्लिन्टनलाई गत राष्ट्रपति निर्वाचनमा जसरी पनि जिताउन चाहन्थे तर रसियाले साइबर सेना प्रयोग गरेर हिलारीलाई ध्वस्त बनायो र जग्गा दलाल ट्रम्पलाई जितायो । त्यसैले यो क्षेत्रमा विकास र ध्यान लिनुपर्छ । असारे काकाको समयमा शैलीले यो मोर्चामा जित्न सक्ने सम्भावना छैन ।

पहिलो चरणको निर्वाचनमा कालिकोटका जनताले ठूलो प्रतिरोध गरे । सञ्चारहरूले अझ भनौं ठूला भनिएका सञ्चारले उल्लेखसम्म गर्न चाहेनन् तर दोस्रो चरणको निर्वाचनमा थबाङ एउटा गाउँका हाम्रा साथीहरूले सानो कमजोरी गर्नासाथ पहाड बनाएर उठाए । थबाङ गाउँको सानो खबर चुनावको निरन्तर र मुख्य समाचार बनाइयो । नेकपालाई कमजोर बनाउन थबाङलाई नमूना बनाइयो । यो मिसन हो मि होइन ? बुद्धिजीवी भनाउँदाहरूले मिसनको आधारमा लेखेका छन् । यी सबैका विरुद्ध जनताका लेखक र सञ्चारले प्रतिरोधको हतियार उठाउन आवश्यक छ । प्रतिरोध गर्न आवश्यक छ । हामीले संचारमार्फत् विचार, राजनीति, संस्कृति, साहित्य सबै विषयहरू सम्प्रेषण गर्न सक्छौं । रातो खबर प्रकाशन गृहमाथिको हमला संसदीय व्यवस्थाको पराजयको इस्क्रा हो । यसलाई हाम्रो समयको इस्क्रा बनाउनुपर्छ ।




## समाचारमा विविधता हुन आवश्यक

■ **विमला संग्रौला**



खेलकूदका समाचार पनि आउनुपऱ्यो राजनीतिक समाचार मात्र आएका छन् । समाचारमाविविधता हुन आवश्यक छ । वर्ग संघर्ष, जनसंघर्षका समाचार मात्र आउने गरेका छन् । समाजमा भएका घटना र सूचनाहरूलाई पनि प्रकाशन, प्रशारण गर्न सक्दा पाठकको दायरा फराकिलो बनाउन सकिन्छ । त्यसरी नसोच्दा दायरा साँघुरो हुन जान्छ । हामीले आफ्नो तर्फबाट आवश्यक सहयोग गरिरहनेछौं ।

## समाचार प्रष्ट आउनुपऱ्यो



■ उजिर खड्का

म ई-रातो खबर र रातो खबर साप्ताहिकको नियमित पाठक हुँ । समाचारको भाषा सिधा र प्रष्ट हुनुपर्दछ । केन्द्रीय समाचार मात्र आउने गरेका छन् । स्थानीय समाचार पनि आउनुपऱ्यो । सरल र सम्प्रेषणीय भाषामा प्रकाशन तथा प्रशारण हुनुपर्छ । पत्रिकालाई गाउँगाउँमा पुऱ्याउने व्यवस्था गर्नुपर्छ ।

## मजदुरका समाचारलाई प्राथमिकता दिनुऱ्यो

■ राम लाखे



मजदुरहरूले बुझ्नेगरी समाचारको भाषा हुनुपऱ्यो । हामीले नियमित हेर्ने गरेका छौं । मजदुर समुदाय सबैतिर अपहेलित भएको हाम्रा समाचार प्रोत्साहित हुनुपऱ्यो ।

## योजना साप्ताहिकमाथि 'सेन्सरसिप' जस्तै दमन अहिले रातो खबरमाथि भएको छ

■ ईश्वरी दाहाल नेता, नेकपा



मैले योजना साप्ताहिकको नेतृत्व गर्दा भन्दा अहिले प्रविधिमा धेरै विकास भएको छ । मलाई बुझ्न पनि कठीन भएको अवस्था छ तर समस्याहरू उस्तै लाग्छ । आज क्रान्तिकारी आन्दोलनलाई कमजोर पार्न प्रचण्ड नै माओवादी आन्दोलनको नेताका रूपमा स्थापित गर्न खोजिरहेका छन् । त्यसका विरुद्ध हामी लडिरहेका छौं । यो दुई विचार, दुई प्रवृत्तिका बीचको लडाई हो । यो लडाइँमा तपाईहरू पनि हुनुहुन्छ ।

२०४५ सालमा म योजना साप्ताहिकको व्यवस्थापक थिएँ । ती दिवनका भौतिक कठिनाई र पञ्चायती व्यवस्थाको दमन अहिले पनि सम्झिरहेको छु । योजना साप्ताहिकमा शक्ति लम्साल सम्पादक र यदु गौतम सहसम्पादक थिए । बाबुराजा महर्जन, ऋषिरा बराल लगायतका सहयोगी थिए । महेश्वर दाहाल हकर काम गर्थे । अहिले दाहाल-देउवा गठबन्धनको पूर्वाग्रहको विरुद्ध लड्न जरुरी छ । निरंकुश सत्ताविरुद्धको संघर्षमा दमन र प्रतिरोधका सिलसिला बढ्दै जानेछन् ।

## सञ्चारमाथिको हमलाको विरुद्ध जनता नै उठ्नुपर्छ

■ अनिल शर्मा



पाठक, सहयोगी र राजनीतिकर्मीहरूबाट सुझाव र आलोचना लिन यो कार्यक्रम आयोजना गरिएको हो । अर्कोतिर रातो खबर साप्ताहिक र ई-रातो खबर विद्युतीय संचारको जनपक्षीय शक्तिहरूलाई सुसूचित गराउने उद्देश्यसहित हामी यो कार्यक्रमा उपस्थित भएका छौं ।

प्रेस काउन्सिलले राता खबरलाई प्रकाशित समाचार र लेखहरूको टिप्पणीसहित स्पष्टकरण सोधेको छ । म प्रेस काउन्सिलको जनविरोधी चरित्रको विरुद्ध खेद प्रकट गर्न चाहन्छु । सरकारले पहिलो चरणको निर्वाचनको क्रममा पक्राउ गर्ने भरमग्दुर प्रयास गऱ्यो । दोस्रो चरणको निर्वाचन सकिनासाथ बिनाकारण साप्ताहिकको बागबजारस्थित कार्यालयमा पसेर झनक श्रेष्ठ, ध्रुव खड्कासहित हामी ३ जनालाई पक्राउ गऱ्यो । यो हाम्रा लागि ठूलो कुरा होइन, तर यसको संकेत भने राम्रो छैन । लोकतन्त्रको जामा भिरेर सरकारले आफ्ना अपराध छोप्ने, जनताको आवाज बन्द गर्ने र लुटतन्त्र कायम गर्ने षड्यन्त्र गररिहेको देखिन्छ । त्यसकारणले गर्दा सरकार विरोधीको मुख थुन्न र कलम भाँच्नतिर उद्यत छ ।

# दलित मुक्ति मोर्चाको अन्तरक्रिया कार्यक्रम

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीनिकट नेपाल दलित मुक्ति मोर्चाले 'वर्तमान परिस्थिति र दलित मुक्ति आन्दोलन' विषयक अन्तरक्रिया कार्यक्रम ललितपुरको जाउलाखेलमा सम्पन्न गरेको छ । शुक्रबार सम्पन्न कार्यक्रमका प्रमुख अतिथि नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' हुनुहुन्थ्यो ।

कार्यक्रममा बोल्दै नेता सुदर्शनले विशुद्ध जातीय आन्दोलन कहींपनि सफल नभएकोले यसलाई वर्गीय आन्दोलन पनि जोड्न आवश्यक छ भन्नुभयो ।

मोर्चाका केन्द्रीय उपाध्यक्ष रामलाल विश्वकर्माले समाजमा दलित समुदायको अवस्था, पुरानो संविधानमा दलितको अधिकार र दलित आन्दोलनको विषय समेटिएको अवधारणा पत्र पेश गर्नुभएको थियो । अवधारणा पत्रउपर डा. यामबहादुर किसान, मार्क्सवादी लेखक खेम थपलिया, नेपाल दलित संघका संगठन विभाग प्रमुख धर्म परियार, कृष्ण सेवा, निर्मल विश्वकर्मालगायतले टिप्पणी गर्नुभएको थियो । कार्यक्रमा बोल्ने वक्ताहरूले दलित समुदायको आन्दोलन र मुक्तिलाई स्पष्ट गरेर अगाडि बढ्न आवश्यक रहेको कुरामा जोड दिएका थिए । यसैगरी दलित मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष डम्बर विक 'मामा', नेकपा केन्द्रीय सदस्य सन्तोषी विक, अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय महासचिव धीरेन्द्रा उपाध्यायको पनि उपस्थिति रहेको थियो । हरि नेपालीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन पदम विकले गर्नुभएको थियो भने स्वागत मन्तव्य विक्रम नेपालीले गर्नुभएको थियो ।

जनपक्षीय अखबार
रातो खबर साप्ताहिकको
निरन्तरता र प्रगतिको कामना गर्दछौं
आन्तरिक राजश्व कार्यालय
भारतपुर, चितवन

# रुन त तिमीहरू पर्ने हो !



विनोद थापा

यतिखेर रुनेहरू हाँसिरहेका छन् । हाँस्नेहरू डाँको छोडिरहेका छन् । मुस्कान हराएको हाँसोको कुनै अर्थ छैन तर पनि कृतिम हाँसो हाँस्नेहरू र वास्तविक रोदन आँसु खसाल्नेहरूको बीचमा द्वन्द्व चर्किरहेको छ । व्यवस्था उल्टिएको छ । बाध्यता बढ्दो छ समस्या यत्रतत्र बग्रेल्ती असरल्ल अवस्थामा ज्यूँकात्यूँ नै छन् । हाँसी हाँसी बलिदान दिन तयार रहेका सपुतहरू आज संकट र समस्याको खातमा पल्टिरहेका छन् भने गरिब श्रमजीवी मजदुर किसान दुःखी जनताहरूलाई मृत्यु शैय्यामा शूली चढाई आफूहरू भने भव्य तथा आलिसान महलमा मखमली विछ्यौनामा च्यादर ओच्छाई मस्त निद्रामा डुबिरहेका छन् । तिनीहरूलाई चिन्ता आफ्नै छ । चासो आफ्नै छ । दुनियाँको जेसुकै होस् मतलब छैन । लोभ र लालचमा रमाइरहेका यिनीहरू लोभ र पापको कुण्डमा डुबेका छन् । सन्तान सुखतम् परम सुखमा भन्ने परात्मावादी सोचबाट ग्रसित छन् । केवद आफ्ना शाखा सन्तान नातागोता इष्टमित्र आसोपासेको खुबै चासो राख्दछन् तर यहाँको बहुसंख्यक श्रमजीवी मजदुरहरूको यिनीहरूलाई रत्तिभर चिन्ता छैन । व्यक्तिगत लोभ र लाभमा अलाप रप्ने श्रमजीवी जनताको वास्तविक जीवनको ख्याल नगर्ने समूह र भिडलाई वाध्य भएर नेताको उपाधी दिनुपरेको छ ।

यिनीहरूको महिमा गाउनुपरेको छ । यिनीहरूलाई आफू नेता भएकोमा गर्भ त लाग्ला तर अशान्ति, भोकमरी, गास बास शिक्षा स्वास्थ्यमा आफ्नो पहुँच राख्न नसक्ने लाखौँ श्रमजीवी मजदुर र जनताहरूले यिनीहरूलाई कसरी हेरिरहेका छन् मजदुर विरोधी व्यवस्था जन्माउने यी नालायकको विकल्पमा आम श्रमजीवीहरूले के सोचिरहेका होलान् प्रश्न अनुत्तरित छन् तर श्रमजीव उत्तर खोजिरहेका छौँ । जवाफ मागिरहेका छौँ । वास्तविक जीवन भोगाईहरूमा अत्यन्तै कठीन र जोखिम जीवन बिताउन बाध्य श्रमिक मजदुर वर्ग हो । यिनीहरूका संघर्ष अभाव र दैनिकीको विषयमा संसारका चर्चित लेखक, साहित्यकार, चिन्तक विचारकहरूले लेखे कहानी बनाए पुरस्कार हात पारे तारिक कमाए तर १६ औँ शताब्दीदेखि नै आफ्नो अमूल्य जीवनको कुनै पर्वाह नगरी विश्वव्यवस्था बदल्न संघर्षरत श्रमिक मजदुर वर्गले अहिलेसम्म अर्थात् २१ औँ शताब्दीसम्म पनि के उपलब्धि हासिल गरे ? दुईछाक टार्न पाउनुपर्ने सपना त्यत्तिकै अधुरो रहेको छ । श्रमिक मजदुर वर्गको आशा र भरोसाको ढोका त्यतिबेलाको महान् गुरु कार्ल मार्क्स एंगेल्सले सन् १८४७/४८ मा कम्युनिस्ट घोषणा पत्रमार्फत् संसारका मजदुर एक होऔँ भन्ने मूल नाराको साथ खोलिदिए पनि झण्डै १६९ वर्ष बितेको छ । श्रमिक मजदुरहरूको सामान्य परिवर्तनबाहेक मजदुर शोषणको जंजिर सदाको लागि चुँडाल्न सहिरहेका छैनौँ । कारणहरू विभिन्न हुन सक्छन् तर प्रमुख कारण भने पुँजीपति वर्गको वर्गीय सत्ता खोस्न नसक्नु खोसेको सत्ता टिकाउन नसक्नु नै मुख्य कारण हुन् । जतिखेर पनि पुँजीपति शासक वर्गसँग ज्यू हजुरी गर्नुपर्ने । प्राप्त गरेका अधिकारहरूको रक्षा गर्न नसक्नु रगा र विकासको सन्तुलन कायम राख्न नसक्नु आफैँभित्रक खराबीहरूलाई चिर्न नसक्नु, दुनियाँ बदल्न हिंडेकाहरूमा नै गम्भीर समस्या देखियो । हाम्रा आन्तरिक समस्यले गर्दा बाहिरी परजीवीहरूको संक्रमण देखिनै रहेका छन् । श्रमजीवी मजदुरहरूको रोजीरोटीको मागलाई आफ्नो पथप्रदर्शक बनाउने उनीहरूको दुखकष्टमा मल्हमपट्टी नलगाउने तत्वहरूले मजदुर संगठनलाई प्रदुषित मात्र गराएका छैनन्, एकपछि अर्को ध्वस्त बनाउँदै हिंडिरहेका छन् । यिनै सेरोफेरोमा मजदुर संगठनहरू फेरो मारिरहेको छ । गोलचक्कर काटिरहेको छ । त्यसकारण अब हामीले पुरानो ढर्राबाट होइन नयाँ शिराबाट अगाडि बढाउनुको विकल्प छैन । यसको सर्वप्रथमत पार्टीको कार्यदिशाअनुसार मजदुरहरूलाई बुझाउने बदल्ने विकास गर्ने सिद्धान्तमा आधारित संगठनहरू आवश्यक छ । शोषणको चरित्र बदल्ने विश्व पुँजीवादले अनेकौँ षड्यन्त्रमा मजदुर वर्गमाथि शासन सत्ता थोपरिरहेका छन् । गरिब देशका श्रमशक्तिलाई सस्तोमा खरिद गरी नारकीय दास जीवन जिउन बाध्य बनाइएका छन् भने देशका दलाल सत्ताले मजदुरको सामान्य अधिकारसम्म पनि कटौती गर्ने विदेशमा पलायन बनाउन लागि परेको देखिन्छ । उद्योगधन्दाको विकास गर्नेभन्दा पनि विभिन्न वहानामा अन्य देशमा श्रम बेच्न धकेलिरहेका छन् । त्यसकारण यिनीहरूको प्रतिवाद गर्न स्वदेशमै रोजगारीको सिर्जना गराउन संघर्ष अगाडि बढाउन अनिवार्य हुन आउँछ । त्यसका लागि सर्वप्रथम मजदुर संगठन भनेको के हो ? अहिलेको वर्तमान परिस्थितिमा यसको चारित्रिक विशेषता कस्तो रहेको छ ? संगठन निर्माण र परिचालन कसरी गर्न सकिन्छ भन्ने विषयमा आधारभूत ज्ञान हासिल गर्नुर्दछ ।

### १. मजदुर संगठन भनेको के हो ?

दलाल पुँजीपति वर्गको दासत्व जीवन जिउन बाध्य पारेका आधुनिक श्रमिको अधिकारको लागि पहलकदमी लिने समूह दस्ता वा मोर्चालाई मजदुर संगठन भनिन्छ । मजदुरहरूको दैनिक जीवनमा बाँच्नसम्म पनि धौधौ पार्ने श्रमिकहरूको वेतन सुविधामा अन्याय गर्ने अधिक श्रम लगाउने श्रमको तुलनामा कम ज्याला दिने सुविधा कटौती गर्ने खालको हर्कतहरू मालिकले गरिरहेका हुन्छन् । औद्योगिक कलकारखाना फ्याक्ट्रीहरूमा अहिलेको बुर्जवा श्रम ऐन कानुनसम्म पनि पालना गरिरहेका हुन्छन् । पैसाको आडमा राज्यको कानुन हातमा लिई मुनाफा असुलीरहने दलाल पुँजीपतिहरूको विरुद्ध निर्मम संघर्ष चलाउने, अधिकारको लागि सचेत गराउने सचेत अगुवा तथा अग्रगामी दस्ता नै संगठन हो । राज्यको सत्तावर्ग चरित्रको कारण सत्तासीन र मालिकको छलफल र सहकार्यबाट शोषणको रूपलाई झन् बलियो बनाउने कानुनको रूपमा श्रम ऐन बनाएर लागू गर्दछन् । श्रम ऐन नियमहरू श्रमिक मजदुर विरोधी हुँदाहुँदै पनि हात मुख जोड्नुपर्ने बाध्यताले गर्दा कानुनको अधीनमा मजदुर वर्गलाई वाध्य पारिन्छ । विभेदको सामना गरेर भए पनि रोजीरोटीको लागि भोक टार्न श्रम गरिरहेका मजदुर हरूलाई न्याय स्वतन्त्रता अधिकारको लागि स्थापित संगठन नै मजदुर संगठन हो । यस विभेदकारी नारकीय जन्जिरको घेरा तोडन्का लागि संगठित हुने आफ्ना जायज माग तथा गुनासाहरूलाई मालिकसामु प्रस्तुत गर्न मागहरूलाई कार्यान्वयन गराउन मजदुर संगठनको मद्दत चाहिन्छ । त्यसैले कानुनी अधिकारको सुनिश्चित गर्न शोषणकारी श्रम अधिकारको रक्षा गर्न भए पनि संगठन बनाउन मजदुर बाध्य हुन्छन् । यसलाई पुँजीपति वर्गको भाषामा ट्रेड युनियन अधिकार पनि भनिन्छ । जब ट्रेड युनियन ट्रेड युनियनवादमा फस्दछ, त्यसले पुँजीपति वर्गको कालो कानुन लागु गराउने दिशातिर उन्मुख बन्दछन् । यसमा हामी सबै सचेत हुन आवश्यक हुन्छ । ट्रेड युनियनवादले मजदुरहरूको जुझारुपना क्रान्तिकारी हस्तक्षेप र संघर्ष तथा विद्रोहहरूलाई निस्तेज पार्न ट्रेड युनियन अधिकार नै ट्रेड युनियनवाद हो भन्ने व्याख्या गर्ने गर्ने गरेको छ । दुनियाँभरि श्रम ऐन र ट्रेड युनियन अधिकारलाई पूरक बनाएर हेर्ने गर्दछ । मजदुर विरोधी नीतिलाई लागू गर्न मजदुर विरोधी ऐनको अधीनमा राखी यसलाई लागू गर्ने प्रयत्न गरिन्छ । यी सबै खराबीहरूलाई समाप्त पार्नकै लागि आम श्रमिक मजदुर वर्ग संगठित हुन जरुरी हुन्छ । दुई वा दुईभन्दा माथिको संख्यामा रहेका प्रतिष्ठानका मजदुरहरूले ट्रेड युनियन गठन र निर्माण गर्न सकिन्छ । ट्रेड युनियन अधिकारलगायत पेसाको रक्षा एवं हक अधिकारको लागि श्रम विभागले एकाइ समिति वा ट्रेड युनियन दर्ता गर्न सक्ने व्यवस्था गरेको छ । मुख्यतः विद्यमान श्रम ऐन ट्रेड युनियन अधिकारलाई कार्यान्वयनको तहमा पुऱ्याउने अधिकारकर्मीहरूलाई नै संगठित सदस्य । यो आर्थिक राजनीतिक सामाजिकसँग पनि सम्बन्धित हुन्छ । अधिकांश ट्रेड युनियनहरू विचार राजनीति र दलहरूबाट संचालित छन् । कुनै दलका ट्रेड युनियनहरू बोर्डमा मात्र सीमित छ भने कोही मजदुरहरूको बीचमा लोकप्रिय छ । असमान व्यवस्थाको खातिर क्रान्तिकारी संघ संगठनहरूले आफ्नो मातहतमा बनाएका समितिहरूले मजदुर विरोधी सगठनहरूको विरोध गर्ने क्रान्तिकारी हस्तक्षेपद्वारा राजनीतिक अधिकार पेसाका हकहितको रक्षालगायत सिंगो राज्य आतंकको विरुद्धमा मजदुरहरूलाई सुसूचित गर्ने, संगठित गर्ने श्रमिक मजदुरहरूको रोजरोटीको बारेमा सहयोग गरिरहेका हुन्छन् भने यथास्थितिवादी राजनीतिक दलका ट्रेड युनियनहरूले मजदुर विरोधी श्रम ऐनको रक्षा गर्ने लागू गराउने सुधारवादी कार्यक्रम अन्तर्गत मजदुर वर्गलाई दिग्भ्रमित गराइरहेका हुन्छन् । आदर्शवादको जलप लगाई मालिकको पक्षमा हित गर्ने मजदुरहरूलाई गुलियो भुलभुलैयामा डर र त्रासको बीच सास्ती दिइरहेका हुन्छन् । यो सबै भ्रम तोड्नको लागि असमानता, अन्यौलतालाई परास्त गर्नको निम्ति सुधारवाद ट्रेड युनियन संशोधनवादी ट्रेड युनियनहरूको विरोध गर्ने भण्डाफोर गर्ने विद्रोह गर्ने न्यायको पक्षमा उभिने साहस गर्ने र क्रान्तिकारी मजदुर संगठनमा आवद्ध हुनुपर्दछ । वर्ग दुश्मनलाई कित्ताकार्ड गरी मजदुरको दीर्घकालीन भलाईको लागि खडा भएको अग्रणी साथ दिने र भरोसायोग्य समितिमा विश्वास राख्नुपर्दछ । मुख्य संगठनको रूपमा अनवरतसम्म पनि मजदुरहरूको हितमा समर्पित हुने संगठन नै क्रान्तिकारी संगठन हो ।

### अहिलेको मजदुरहरूको चारित्रिक विशेषता कस्तो हुन्छ

श्रमिक मजदुर वर्ग यहाँसम्म आइपुग्दा पुँजीवादी भूमण्डलीकरण रहेछ भन्ने कुरा स्पष्ट भइसकेको छ एकछत्र आफ्नो शोषणको रूप बदली हस्तक्षेप गरिरहेका पुँजीवादी व्याख्या भएको देशहरूमा शारीरिक श्रम मानसिक श्रम र बौद्धिक श्रमलाई घालमेल गरी अतिरिक्त मूल्यको केही हिस्सा मजदुरहरूलाई वितरण गर्ने सेवा सुविधान दिएको जस्तो बनाई मनोवैज्ञानिक असर पारिरहेका छन् । मालिकको विरुद्ध मजदुर नउत्रियोस् भन्ने हेतुले गर्दा उपभोक्तावादी सोच बजारमुखी अर्थ विकास केही हिस्सा भौतिक सुविधा दिई परम्परावादी मजदुर कार्यशैलीलाई आधुनिकमुखी बनाउने कसरत पुँजीपति दलालहरूले जोडतोडले कार्यान्वयनमा लागिरहेका छन् । श्रमिक मजदुरहरूको जीवनशैली ठाँटबाट हेर्दा कतै आफू मजदुर होइन कि भन्ने भान पर्न जान्छ । विकसित देशहरूमा श्रमशक्ति र आधुनिक प्रविधिहरूको समुचित प्रयोग गरी आधुनिकीकरणमा उन्मुख भइरहेका छन् । प्राकृतिक उल्झन व्यवधानलाई परास्त गर्ने आधुनिक मेसिन औजार संशोधनले गर्दा केही फरक कार्यशैली जीवन-व्यवहार श्रमिक मजदुरहरूमा देखे पनि श्रम र पुँजीको अन्तरविरोध भने झन् बढी चुलिंदै गइरहेको छ । व्यस्त जीवनशैलीले गर्दा श्रमिक मजदुर वर्गको सामूहिक जीवन नष्ट भइरहेको छ । उदाहरणहरू प्रशस्त छन् । जस्तो श्रीमान श्रीमतीको बीच सम्बन्ध बिग्रिनु, सन्ततिहरू लागू औषधको दुर्व्यसनी हुने अर्थात् असल संस्कार संस्कृतिको लोप भैरहेको छ । यी सबै हुनु पुँजीपति वर्गले आफ्नो रणनीतिक लक्ष्य प्राप्त गर्न गरेको नियोजित कदमको रूपमा बुझ्न सकिन्छ । मालिकहरू रातारात अर्बपति बन्ने श्रमिक मजदुरहरू दिनदिनै रोडपति बन्ने उपचारको अभावमा भौतारिनुपर्ने शारीरिक मानसिक जोखिम मोल्दै भोको पेटको खाली र जीवन गुजारा चलाउनकै निम्ति आफ्नो जिन्दगी नै पुँजीपति वर्गको हातमा सुम्पिदिनुपर्ने अर्थात् न्यायको भिख माग्नुपर्ने अवस्था छ । अरबको खाडीमा काम गर्ने श्रमिक मजदुहरूलाई शारीरिक श्रमको आधारमा विभेद गरिन्छ । अफिस वर्कर र लेबरहरूबीच कहिले पनि सुमधुर सम्बन्ध हुँदैन । सुटटाई लगाउनेहरूले डाङ्ग्रे लगाएर बेल्चा समात्नेहरूलाई हेयको दृष्टिले हेर्ने गर्दछन् । बस्ने-खाने सुत्नेसम्म पनि कामको आधारमा तय गरिएको हुन्छ । सस्तो रेटमा ऊर्जाशील युवा श्रम बेच्न बेलगाम अर्काको देशमा जान बाध्य छन् । यहाँको आदर्शवादीहरू ठूला ठूला मञ्चमा गई रेमिट्यान्सबाट मुलुक चलेको भाषण छाँट्छन् र गर्व गर्छन् । प्राकृतिक स्रोत साधनलाई विदेशीको सामु सुम्पेर प्रचुर संभावना बोकेको नेपाललाई कंगालहरूको भूमि बनाउन कम्मर कसेर लागिरहेका छन् । नेपालको श्रम बजार हेर्ने हो भने दुईवटा विशेषताको श्रमिक मजदुहरू छन् - (१) संगठित क्षेत्रका श्रमिक मजदुर (२) असंगठित क्षेत्रका श्रमिक मजदुर । संगठित क्षेत्रका मजदुर भन्नाले कुनै राजनीति आस्थावान वा स्वतन्त्र निर्माण गरी समिति प्रणालमा आवद्ध रही औद्योगिक क्षेत्र उद्योग कल कारखानामा फ्याक्टीलगायत प्रतिष्ठान स्थानको कामदार कार्यरत स्थानमा रहने श्रमिकहरू संगठित क्षेत्रभित्र पर्दछन् । असंगठित मजदुरहरू राज्यले असंगठित क्षेत्र भनेर परिभाषा गरेका क्षेत्रमा कार्यरत ज्यालादारी ठेकेदारी करार या काम श्रमिकहरू पर्दछन् । संगठित क्षेत्रमा पनि करार प्रथा ठेकेदारी प्रथा त हुन्छ तर विशेषगरी यातायात निर्माण ढुवानी रिक्शा आदि पेशामा कार्यरत श्रमिक मजदुरहरूलाई असंगठित क्षेत्र घोषित गरिएको छ । कामको प्रकृतिअनुसार यो क्षेत्र स्थिर प्रतिष्ठानभित्र हुँदैन चलायमान पेसा भौगोलिक फेरबदल भइरहने पेशाका रूपमा यसलाई लिइन्छ । कानुनी दृष्टिले सेवा सुविधा अधिकारको दृष्टिकोणले अत्यन्तै जोखिम पेशा हो । त्याय स्वतन्त्रताको लागि यो संगठनमा सूक्ष्म अध्ययन गर्नुपर्ने प्रभावकारी कदम चाल्नुपर्ने क्षेत्र हो । यी दुई चरित्रका पेशा संगठनलाई व्यवस्थित रूपमा परिचालन गर्न राजनीति स्थायित्व हुन आवश्यक छ । वैचारिक स्पष्टताले मात्र पेसागत मर्यादालाई सम्बोधन गर्न सकिन्न । राजनीतिक सैद्धान्तिक मत भिन्नताले पनि राजनीतिक दलमा सहकार्य नहुने हुँदा मिलेका एजेण्डा र मुद्दाहरूमा श्रमिक मजदुरहरूको बृहत् हितमा ट्रेड युनियनकर्मीहरूको संयुक्त मोर्चा बन्न सकिरहेको छैन । केही बनेको संयुक्त मोर्चा पनि आपसी सहकार्यको अभावले गर्दा आ-आफ्ना गतिविधिहरू मात्र अगाडि बढाइरहेका छन् । विदेशी आईएलओसँग साँठगाँठ गर्नेहरूले मजदुर संगठनलाई केवल मागी खाने थलोको रूपमा अगाडि बढाइरहेका छन् । हाल नेपालको श्रमिक मजदुर आन्दोलन दिशाविहीन बन्दै जानुको मुख्य कारणहरूमा (१) मजदुर संगठनहरू ट्रेड युनियनवादमा फस्न पुग्नु (२) वर्ग समन्वयकारी भूमिकामा संगठनलाई अगाडि बढाउनु (३) अर्थवादी संगठन विस्तार गर्नु (४) वर्गीय पक्षधरताले अभिजातीय वर्गको सेवामा लाग्नु (५) मजदुरहरूको अधिकार सम्पन्न बनाउने दलाल पुँजीपतिसँग मिल्न पुग्नु (६) श्रमिक मजदुर विरोधी श्रम ऐन विधेयकको समर्थन गर्नु (७) मजदुर र मालिकको अन्तरविरोधमा खेल्नु (८) श्रमिक मजदुर हरूलाई राजनीति चेतनाको विकास नगराउनु (९) सुधारवाद र संशोधनवादी सोचले मजदुर संगठनभित्र घर गर्नु (१०) दीर्घकालीन सोचको विकास गराउनु नसक्नु आदि हुन् । यी समस्याहरूलाई समाधान गर्न वैज्ञानिक सोच राजनीतिक सु-स्पष्ट विचार कार्यनीतिक दृढताले नै श्रमिकले चाहेको व्यवस्था र उद्देश्य प्राप्त गर्न सकिन्छ । यसको लागि दृढ संकल्प उच्च मनोबल दरो आत्मविश्वासले नै ट्रेड युनियन आन्दोलन अर्थात् श्रमिक मजदुर संगठनभित्र देखा परेका नैराश्यता, उदासीनता, अर्थ मान्यतालाई अन्त्य गर्न सकिन्छ । राज्यद्वारा अपहेलित वर्गको रूपमा श्रमिक मजदुरहरूलाई लिएको छ । यहाँ निजामति कर्मचारीहरूको भने वर्षैपिच्छे तलब वेतन सेवा सुविधा वृद्धि भइरहेको मालिकको निगाहबाट प्राप्त हुने तलब ज्यालामा बाँच्न विवश हुनुपर्ने बाध्यता मजदुरहरूलाई छ । अर्थव्यवस्थाको मूल हिस्सा श्रमशक्तिको अपार खानी श्रमिक मजदुरहरू आज पनि राज्य र मालिकद्वारा शोषित भइरहनुपरेको छ । ७ सयमा पाउने ग्याँस १४०० पुग्दा पनि मजदुरको तलब १४ रूपैंया बढ्दैन । १८ रूपैंया प्रतिकेजी चामल ६३ रूपैंयामा किन्न बाध्य छौँ तर श्रमिक मजदुरहरूलाई सहुलियत दरमा खाद्यान्न वितरण गर्न सक्दैन । यो राज्य १५०० को कोठाभाडा ५००० पुग्दासम्म पनि अनाधिकृत भाडा तिर्न विवश छन् मजदुरहरू । नियमन तथा अनुगमन निकाय निकम्मा भएर बसेको छ । औद्योगिकीकरणको अवधारणा अन्तर्गत औद्योगिक क्षेत्रको घोषणा गरी प्रतिष्ठान उद्योग कलकारखाना संचालन गर्नुपर्ने नीतिअनुरूप काठमाडौँमा रिङरोडको बाहिरको क्षेत्रलाई औद्योगिक विकास क्षेत्र निर्धारण गरी ऐन कानुन बनेको छ तर यहाँका दलाल पुँजीपति बेलगाम घरघरमा फ्याक्ट्री संचालन गर्ने उद्योग कलकारखाना चलाउने मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने वातावरण प्रदूषित हुनेखालका धन्दा संचालन गरिरहेका छन् । यसको विरुद्ध सरोकारवाला निकाय मौन छन् । कमिसन र नाफाको लोभमा राज्य प्रशासन चुपचाप बसिरहेको छ । श्रमिक मजदुरहरूको गाँस बासलाई बेवास्ता गर्ने राज्य सरकारको विरुद्ध हामी किन चुप रहने हालै राज्यद्वारा मजदुरको दैनिक ज्याला ३९५ तोकिदिनु मजदुरहरूको न्यूनतम तलब ६२०५ महङ्गी भत्ता रु ३४९५ कायम गरिदिनाले नै दलाल सत्ताको दोहोरो चरित्र उदाङ्गो भएको छ । ठूला ठूला आन्दोलनहरूमा रक्तरञ्जित झण्डा र ब्यानरमा राजनीति, क्रान्ति, स्वतन्त्रता र परिवर्तनको लागि अग्रभागमा लामवद्ध हुनुपर्ने श्रमिक मजदुर तिनै संघर्षहरूबाट प्राप्त अधिकारको दुरुपयोग गर्ने राज्य अंग सम्भ्रान्त भ्रष्टाचारी र संसदीय राजनीतिक दलका नेताहरू यिनीहरू त लाज पचाएका मान्छेहरू हुन् । हामी श्रमिक मजदुरहरूले जिते संसार हारे हतकडी भनी राज्यका भेदभाव असमानताको विरुद्ध कफन बाँधेको श्रमिक मजदुरहरू हौँ । आइपरे जस्तोसुकै आँधी हुरीको सामना गर्न तत्पर रहेका छौँ । तिमीहरू राज्यको आडमा लुटतन्त्रका मसिहा बनिरहेका छौ । श्रमिक मजदुर विरोधी शासकको अवसान निश्चित छ । हामीहरू हाँसी हाँसी बलिदान दिन तयार छौँ, अब त डाँको छोडी रुने बेला तिमीहरूकै हो ।



> श्रमिक मजदुरहरूले जिते संसार हारे हतकडी भनी राज्यका भेदभाव असमानताको विरुद्ध कफन बाँधेको श्रमिक मजदुरहरू हौं आइपरे जस्तोसुकै आँधी हुरीको सामना गर्न तत्पर रहेका छौं तिमीहरू राज्यको आडमा लुटतन्त्रका मसिहा बनिरहेका छौ । श्रमिक मजदुर विरोधी शासकको अवसान निश्चित छ । हामीहरू हाँसी हाँसी बलिदान दिन तयार छौं अब त डाँको छोडी रुने बेला तिमीहरूकै हो ।

# भारत–चीन सम्बन्धमा नयाँ अध्याय

अशोक के. कान्था

प्रधानमन्त्री नरेन्द्र मोदीले हालै मात्र फलदायी र सकारात्मक चीन भ्रमण पूरा गर्नुभयो। मई १४-१६ सम्म तीन दिनको भ्रमण प्रतीकात्मक र विषयवस्तुको हिसाबले उच्च कोटिको थियो र यसले सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको छ। राष्ट्रपति सि जिन पिङको विशेष महत्वको भारत भ्रमणको आठ महिनापछि चीन-भारत सम्बन्धमा एउटा नयाँ पृष्ठ थपिएको छ।

प्रम मोदीको चीन भ्रमण प्रतीकात्मकताले भरिएको थियो जसले भारत र चीनबीचको बढ्दो मित्रतालाई प्रतिबिम्बित गर्छ। राष्ट्रपति सि विदेशी पाहुनालाई स्वागत गर्न पेइचिङ बाहिर पहिलोपटक जानुभयो। उहाँ आफ्नो गृहप्रान्त शान्सीको सिआन पुग्नुभएको थियो। राष्ट्रपति सि पनि प्रम मोदीसँगै विशाद जंगली हाँसको मन्दिर (Big Wild Goose Pagoda) सम्म पुग्नुभयो। त्यो मन्दिर आफैँमा दुई विराट सभ्यताको निरन्तरताको प्रतीक हो। सिआन सहरको लामो पर्खाल (Xian City Wall) मा एउटा भव्य स्वागत समारोह पनि आयोजना गरियो। प्रम मोदीलाई साथ दिन चिनियाँ प्रधानमन्त्री ली खछ्याङपनि पुग्नुभयो। विश्व सम्पदा स्मारक स्वर्गको मन्दिर (T´ple of Heaven) पृष्ठभागमा राखेर (भारतीय-सं) योग र चिनियाँ थाइची (Taichi) प्रदर्शनीमा दुवै सरिक हुनुभयो। यसले यी दुई देशबीचको सांस्कृतिक सम्पर्कलाई उजागर गरेको छ। र प्रम लीसँग प्रम मोदीको 'सेल्फी' (Selfie) कसले पो बिर्सन सक्ला ! यो 'सेल्फी' र चिनियाँ सामाजिक सञ्जाल वेइपो सेल्फीमा ब्यापक भाइरल बनेको र हालै मात्र मैले हेर्दा ३ करोड ३० लाख भन्दा बढीले हेरिसकेको थिए। सामान्य रूपमा भन्नुपर्दा प्रम मोदीलाई दिइएको सत्कार हेर्दा त्यो अभूतपूर्व थियो। प्रम मोदीका अनुसार त्यो सत्कार उनको र प्रतिनिधि मण्डललाई मात्र दिइएको नभई चीन र भारतबीचको सम्बन्ध र सामिप्यताको बढ्दो महत्वको एउटा प्रतिबिम्ब हो।

हासिल गरिएका उपलब्धि पनि प्रभावशाली छन्। दुई सरकारबीच २४ वटा सम्झौतामा हस्ताक्षर भयो, वाणिज्य प्रनितिधिहरूबीच २६ वटा समझदारी पत्रमा हस्ताक्षर भयो र दुईओटा संयुक्त वक्तव्य प्रकाशित गरियो। जसमध्ये एउटा मौसम परिवर्तन विषयमा थियो। राष्ट्रपति सिद्वारा सेप्टेम्बरमा गरिएको भारत भ्रमणमा प्राप्त ठोस उपलब्धिहरूलाई हेर्दा यी सफलता उल्लेख्य मान्नुपर्छ। आठ महिनाको समयको अन्तरालमा चीन र भारतबीच ५० भन्दा बढी समझदारी पत्र (Outcome documents) मा हस्ताक्षर सम्पन्न भएको घटनाले यी दुई देशमा निहित अपार क्षमता दर्शाउनुका साथै हाम्रा दुई द्ेशबीचको साझेदारी बढाउन गरिएका प्रयासहरूबारे बताउँछन्



*चीन र भारतबीचको सम्बन्धले एक्काइसौं शताब्दीमा एशिया महादेशभित्र र बाहिर गहन भूमिका खेल्ने नेताहरुबीच एक खालको समझदारी या विश्वास थियो । भारत र चीन एकैपटक पुन: महत्वपूर्ण शक्तिको रुपमा उदय हुँदा एक्काइसौं शताब्दीको बाटो तय गर्न महत्वपूर्ण प्रभाव पर्नेछ ।*

विभिन्न कार्यमा सहयोग गरेका बहुआयामिक पक्षबारे भएका समझ्दारीले गतवर्षको भन्दा बढी नजिकको विकास साझेदारीलाई थप टेवा पुऱ्याउने देखाउँछ। साथै सहयोगका विभिन्न बाटाहरू त्यसले पहिल्याउँछ। प्रम लीका अनुसार दुई देशका सरकारबीचको समझ्दारीले स्वर्गदेखि धर्तीसम्मै समेटेको छ। त्यसमा अन्तरिक्ष सहयोग, भूकम्पसम्बन्धी इञ्जिनियरिङ, समुद्री विज्ञान, खानी, रेलमार्ग, सीप विकास, शिक्षा, संस्कृति, योग, पर्यटनलगायतका विविध क्षेत्र समेटिएका छन्।

शाङ्घाइमा गरिएका व्यापारिक कार्यक्रमहरूबाट हाम्रो आर्थिक साझेदारीको शक्ति नाप्न सकिन्छ। प्रम मोदीले चीनका नेतृत्वकारी कम्पनीहरूका २१ जना प्रबन्धकहरू (CEO) सँग अन्तरक्रिया गर्नुभयो र त्यो कार्यक्रम अति सकारात्मक रूपमा अगाडि बढ्यो कि निर्धारित समयभन्दा निकै लामो अवधिसम्म चल्यो। चालीसभन्दा बढी गनिएका भारतीय प्रबन्धकहरूले आफ्ना चिनियाँ समकक्षीहरूको उपस्थितिमा व्यापारिक सभामा भाग लिए। २२ अर्ब अमेरिकी डलर बराबरको २६ ओटा व्यापारिक समझ्दारी पत्रमा हस्ताक्षर गरियो। जसमा औद्योगिक पार्क, पुनः नवीकरणीय ऊर्जा, थर्मल ऊर्जा, टेलिकम्युनिकेसन, इस्पात, पुँजीगत वस्तु (Capital Goods), सूचना-प्रविधि र संचारजस्ता विविध क्षेत्र समेटिएका छन्। आपसी व्यापारमा देखिएको विद्यमान असन्तुलनलाई सच्च्याउने र त्यसमा दिगोपना भर्ने विषयमा दुवै देशका नेताहरूबीच प्रष्ट सहमती भयो। यी कुरालाई ध्यानमा राखेर उच्च शक्तिसम्पन्न कार्य टोली गठन गरेर व्यापारघाटा र आर्थिक संलग्नता बढाउने जस्ता विषयमा सम्बोधन गर्न दुवै पक्षबीच सहमति भयो।

हाम्रो साझेदारीलाई अझ फराकिलो आधार दिन कामलाई प्राथमिकता दिनेखालको सम्झौता सम्पन्न भयो। समझदारीहरूको विविधता र संख्याका साथै निरन्तर आपसी संवाद चालु राख्न बनाइएका नयाँ संवाद संरचनाहरूले त्यसलाई प्रष्ट्याउँछ, जस्तै राज्य विकास अनुसन्धान केन्द्र (DRC, State Development Research Center) र भारतीय आयोग रूपान्तरण राष्टिय संस्था (NITI Aayog, National Institute for Transforming India Aayog) र नवरत्न मञ्च (Think Tanks' Forum) केही उदाहरण हुन्। यसबाहेक विश्व व्यापार संगठनका समझदारीहरू हेर्ने, दुई पक्षीय सल्लाहकार संरचना पनि क्रियाशील छ। शांघाइमा गान्धी तगा भारतीय अध्ययन केन्द्र (Center for Gandhians and Indian Studies), कुनमिङमा योग कलेज (Yoga College in Kunming) र अहमदावादमा सीप विकास तथा व्यवसाय राष्ट्रिय संस्था (National Institute for skill development and entrepreneurship) जस्ता तीनओटा संस्थाहरू साझेदारीमा स्थापना गरिएका छन्।

हामीले एकले अर्को देशमा वाणिज्य दूतावास खोल्ने निर्णय पनि गरिसकेका छौँ। छेङ्तु (Chengdu) र चेन्नाइ (Chennai) मा यस्ता दुतावास खोलेर दुई देशबीच स्थानीय स्तरमा अन्तरक्रियालाई सघन बनाइनेछ। भारतको विदेश मामला मन्त्रालय र चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागबीच समन्वय बढाउने र राज्य या प्रान्तस्तरका नेताहरूको साझा मञ्च बनाउने जस्ता दुईओटा समझ्दारीले दुई देशबीच अन्तरक्रिया बढ्दै जाने छनक दिन्छ। प्रम मोदी र प्रम लीले त्यस मञ्चको उद्घाटन समारोहमा सम्बोधन गर्नुभयो। जुन आफैँमा एउटा महत्वपूर्ण सुरुआत हो र भारतले अरू कुनै देशसँग यस्तो संवादको संरचना निर्माण गरेको यो पहिलो घटना हो। यो 'सहयोगात्मक संघीयता' (Co-oprative Federalism) को अवधारणासँग मेल खान्छ र हाम्रा प्रधानमन्त्रीलाई प्यारो लाग्छ। साथै, प्रम लीले यसलाई 'आकर्षक छनौट' बताउनुभयो। हामीले दुई देशका सहरहरू विकास गर्दै लगिरहेका छौँ र त्यस्ता सहर र राज्यहरूको संख्या बढाउँदै लगेका छौँ। यी सबै घटनाले अब हाम्रो सम्बन्ध मात्र पेइचिङ र दिल्लीबीच सीमित छैन, बरु त्योभन्दा निकै फराकिलो र विकसित हुँदै गइरहेको दर्शाउँछ।

दुई देशको जनस्तरको सम्बन्ध र सांस्कृतिक सम्पर्कलाई अझ बृहत् बनाउनु नै यो भ्रमणको प्रमुख उद्देश्य हो। प्रम मोदी र राष्ट्रपति सिले विशाल जङ्गली हाँसको मन्दिर (Great wild Goose Pagoda) मा सँगै गर्नुभएको भ्रमण र प्रम लीसँग योग - थाइची कार्यक्रममा हाम्रा नेताहरूले जनाउनुभएको उपस्थितिबाट नेताहरूले हामीले आत्मसात गर्दै आएका सम्पदालाई प्रोत्साहित गरिरहनुभएको दृष्टान्त प्रस्तुत गर्दछ। हामी दुई हजार वर्षदेखि एकआपसमा सम्पर्क रहेका छिमेकी भए तापनि हाम्रा जनता एकअर्काको विषयमा कम मात्र जानकारी राख्छन्। यसलाई अब सच्याउनको लागि प्रम मोदीले भारत भ्रमण गर्न चाहने चिनियाँ नागरिकहरूलाई विद्युतीय भ्रमण अनुमति पत्र (e-visa) दिने घोषणा गर्नुभयो। प्रम मोदीले चीन भ्रमणको क्रममा देखाउनुभएको उभिरुचि र उहाँले चिनियाँ जनतासँग नजिक हुन गर्नुभएका गतिविधिले चीन र भारतबीच जनस्तर रहँदै आएको सम्बन्धका बहुआयामिक पक्षमा जोड दिन चाहेको प्रष्ट पार्छ। उहाँले वेइपोजस्तो सामाजिक सञ्जालमा आफ्नो खाता खोल्दा सञ्जालका मित्रहरू (Netizens) सँग निरन्तर अन्तरक्रिया गर्ने बाचा गर्नुभयो। सिआनमा आफ्नो कारबाट ओर्लेर स्वागतमा उपस्थित उपस्थित जनसमुदायबीच पुग्नुभयो। योग र थाइची प्रर्दशन गर्ने बालबालिकासँग उहाँले कुराकानी गर्नुभयो। छिङ्ह्वा विश्वविद्यालय (Tsonghua Univercity) मा उहाँले चिनियाँ भाषामा बोल्नुहुँदा ठूलो ताली पाउनुभयो र चिनियाँ विदेशमन्त्री वाङ यीले प्रशंसा गर्नुभयो। शाङ्घाईमा भारतीय समुदायले आयोजना गरेको स्वागत समारोहमा अहिलेसम्मकै ठूलो भारतीय समुदायको उपस्थिति रह्यो। यो भ्रमणले भारत र चीनबीचको आपसी सम्बन्ध र सहयोगबारे अन्तर्राष्ट्रिय समुदायलाई स्पष्ट सन्देश दिएको छ। चीन र भारतबीचको सम्बन्धले एक्काइसौँ शताब्दीमा एसिया महादेशभित्र र बाहिर गहन भूमिका खेल्ने नेताहरूबीच एकखालको समझदारी या विश्वास थियो। भारत र चीन एकैपटक पुनः महत्वपूर्ण शक्तिको रूपमा उदय हुँदा एक्काइसौँ शताब्दीको बाटो तय गर्न महत्वपूर्ण प्रभाव पर्नेछ। दुई देशले जारी गरेको संयुक्त वक्तव्यमा 'क्षेत्रीय तथा विश्वव्यापी एजेण्डा निर्माण' बारे एउटा खण्ड नै छुट्याइएको छ। त्यस खण्डमा भारत र चीन अन्तर्राष्ट्रि दबुमा दुई महत्वपूर्ण ध्रुवका नाताले विश्व व्यापार संगठन (WTO), मौसम परिवर्तन, आतंकवाद, क्षेत्रीय संगठनलगायत कैयौँ विषयमा आपसी सहयोग गर्न तयार भएको उल्लेख छ। यस अर्थमा हाम्रा नेताहरूले रणनीतिक संचार तथा समन्वय विकास गर्न सहमति जनाउनुभयो।

प्रम मोदी र राष्ट्रपति सिबीच भेटवार्ता सिधा, सृजनात्मक र मैत्रीपूर्ण हुनुका साथै सम्पूर्ण विषयवस्तु समेटिएको र आपसी सुमधुर सम्बन्धको विकासका संभावित वाधाहरूसमेत छुटाइएको थिएन। हामी अगाडि बढ्ने क्रममा एकले अर्काको चाहनाप्रति संवेदनशील हुनुपर्ने, आपसी भर र साझेदारीको पूर्ण शक्ति महसुस गर्नबाट बञ्चित गर्ने कुराहरूको समाधान निकाल्ने जस्ता पक्षमा सजग हुने हाम्रा नेताहरूले सहमति जनाउनुभयो। यो सम्बन्धलाई आ-आफ्नो शक्तिको रूपमा प्रस्तुत गर्ने ऐतिहासिक जिम्मेवारी आइपरेको छ।

समग्रमा प्रम मोदीको भ्रमणले हाम्रो रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पुऱ्यायो भन्नु उचित हुन्छ। दुई देशका जनताबीच मात्र होइन बरु अन्तर ाष्ट्रिय समुदायमा यी दुई देशले एसिया र विश्वलाई नै योगदान दिन रणनीतिक र दीर्घकालीन सोचका साथ मित्रतालाई अगाडि बढाउन चाहिरहेको सकारात्मक सन्देश पुऱ्याएको छ। यो भ्रमणले एसिया महादेशका यी सबभन्दा विशाल विकासशील देशहरूको निम्ति नयाँ मार्ग निर्देशन दिएको छ। एसियाली शताब्दीको योजनाका साथ यी दुई देश एउटै रथका दुई पाङ्ग्राझैं अगाडि बढ्ने अनुभव गरिएको छ।

A New Chapter in
India China Relations
BEJING REVIEW
2015 May 28, Vol. 58

---

## कर्णालीमा स्थानीय ...

लखेटियो। नेपाली सेनालाई सम्मानजनक रूपमा आफ्नो स्थानमा रहनु, तपाईंहरूसँग केही छैन र केही हुँदैन भने सुरक्षित स्थानमा बस्न सघाउँदै सहयोग गरियो। गोली नचाउन आह्वान गरियो। नेपाली सेनाको संयमतालाई पनि सम्मान गर्नुपर्दछ। यसलाई हाम्रो पार्टले प्रतिरोध संघर्ष भाग २ भनेको छ। महान् जनयुद्धको बेला २०५४ साल चैत २५ गते जनदमनमा आएको तत्कालीन हत्यारा प्रहरीले विथलडाँडामा खानतलासी, धरपकड गर्दा माल्कोटबासी जनताले साहसिक प्रतिरोध गरी हतियार कब्जा र बलिदानको नयाँ इतिहासका रचना गरेका थिए। दुश्मनलाई लखेट्न सिध्याउन सफल भएको ऐतिहासिक प्रतिरोध थियो। एकीकृत जनक्रान्तिको कार्यदिशामा निर्देशित २०७४ साल वैशाख ३१ को देशैभरिको अझै महत्वपूर्ण संघर्ष बहिस्कार आन्दोलनको क्रममा सम्पन्न भयो। इतिहासका निर्माता माल्कोटबासी विशेषतः सल्लारुख निवासी जनताले अर्को क्रान्तिकारी इतिहासको रचना गरे बधाई छ। प्रतिरोधमा सामेल सबै जनतालाई; जसले पार्टीको निर्देशन र स्पिरिटलाई नयाँ उचाइमा कायम गरे। यसका युग-युगसम्म प्रभाव कायम रहनेछ।


कथित स्थानीय चुनावको खारेजी अभियानको ऐतिहासिक प्रतिरोध संघर्षमा घाइते भएका धनरूप बटालाको उपचारको क्रममा सहादत भयो। उहाँले एकीकृत जनक्रान्तिमा पहिलो सहिदको नाम दर्ज गर्नुभयो। अन्य ४ जना जनता उपचारपछि सकुशल रहनुभएको छ। सलाम छ बहादुर जनतालाई जसले रगत बगाए, ज्यान दिए र नयाँ युगको सूत्रपात गरे। यो प्रतिरोध संघर्षमा प्रत्यक्ष नेतृत्व गर्ने पार्टी नेतृत्व, युवापंक्ति, जनता विशेष आभार तथा धन्यवादको पात्र हुनुहुन्छ। जनताले र युवाले देखाएको साहस, जिम्मेवारीबोध, योजना कार्यान्वयनमा देखापरेका संकल्प अपनाइएको रणनीति, बलिदानीपूर्ण भावनाले सिङ्गो पार्टी र जनतालाई थप ऊर्जा विजयप्रतिको निर्देश गरेको छ, जसले प्रतिक्रान्तिकारी कायर हरूलाई चुनौती मात्र दिएन कि दलाल संसदीय व्यवस्थाले देश र जनताको मुक्ति गर्नै सक्दैन र यो असफल छ। यसको विकल्प एकीकृत जनक्रान्तिमार्फत स्थापना हुने वैज्ञानिक समाजवादी व्यवस्था नै यसको उत्तम विकल्प हो भन्ने कुराको पुष्टि गरेको छ। यो कारबाहीको महत्वका हिसाबले ऐतिहासिक छ र हुनेछ। पहिलो चरणको प्रतिरोध र बलिदानीपूर्ण संघर्षबाट पार्टीले उचित शिक्षा लिनुपर्दछ।

### उपलब्धि र समस्या

दलाल संसदीय पुँजीवादी व्यवस्था असफल भइसकेको र त्यसबाट देश र जनताको मुक्ति सम्भव छैन भन्ने मान्यता राम्रोसँग जनतामा स्थापित भएको छ। जसको विकल्पका लागि वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य भएको बहिस्कार आन्दोलनले पुष्टि गरेको छ। क्रान्तिबिना मुक्ति सम्भव छैन। एकीकृत जनक्रान्तिको कार्यदिशा सही र वैज्ञानिक रहेको यसको व्यवहारिक प्रयोग सफलता आम पार्टी र जनपंक्तिमा थप आशा तथा कार्यदिशालाई स्थापित गर्ने सफल भएको छ। संघर्षको व्यावहारिक प्रकृयामा संगठनलाई शुद्धीकरण र सुदृढीकरण गर्न सफल भएको छ।

- संसद्वाद, आत्म समर्पणवाद, आत्म सुरक्षावादविरुद्धमा संघर्ष गर्दै उच्च मनोबलका साथ कथित स्थानीय चुनाव खारेजी र प्रतिरोध दुश्मनको पंक्तिमा आतंक र जनपंक्तिमा उत्साहको वातावरण सृजना भयो।
- कार्यदिशा र कार्यक्रमअनुसारको कार्यशैलीको विकास अनुशरणका क्षेत्रमा तमाम शिक्षा प्राप्त भएका छन्।
- आन्तरिक व्यवस्थापन, जनपरिचालनलगायतका क्षेत्रमा महत्वपूर्ण सफलता हासिल भयो। उल्लिखित सफलताका बाबजुद पार्टीले विकास गर्नुपर्ने सवालमा अझै कैयौँ गुणा मिहिनेत गर्नैपर्दछ।
- महाधिवेशनले लिएको ऐतिहासिक महत्वका निर्णय पार्टीले अघि सारेमा एकीकृत जनक्रान्तिको कार्यदिशाप्रतिको बुझाइ एकरूपता अझै कायम गर्नुपर्ने हुन्छ।
- संसदीय, प्रतिक्रान्तिकारी सम्मानबाट पार्टीलाई मुक्त गर्दै एक क्रान्तिकारी सर्वहारावर्गीय अग्रदस्ता निर्माणका लागि जोड गर्नुपर्दछ।
- जनआधार निर्माण, जनपरिषद्को गठन, जनतासँगको सम्बन्ध विस्तारमा केन्द्रित हुन जरुरी देखिन्छ।
- संगठन परिचालन, योजना निर्माण सुदृढ कमान्ड आवश्यकताअनुसारको केन्द्रीकरण र विकेन्द्रीकरणको ठोस परिचालनमा गतिशीलताका पक्षमा देखापरेका समस्यालाई सुदृढ गर्ने जरुरी छ
- आत्मसुरक्षावाद, अकर्मण्यतावाद, अराजकतालाई कडाइका साथ हल गर्दै जानुपर्दछ।
- व्यवस्थापनका विविध पक्षमा पार्टीले हासिल गरेको सफलतालाई नयाँ उचाइमा उठाउँदै अघि बढी बाटो चुनौतीपूर्ण भए पनि भविष्य प्रज्वलित छ।

# आत्मसम्मान, मुक्तिबोध र पोलिटिक्स इन कमान्ड



खेम थपलिया

हालसालै ललितपुरमा आयोजना गरिएको ' वर्तमान परिस्थिति र दलितमुक्ति आन्दोलन' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो । प्रस्तुत अवधारणापत्रका बारेमा विद्वान् टिप्पणीकार एवम् राजनीतिक नेतृत्वबारे निकै गम्भीर भनाइ पनि आए। गम्भीर प्रकृतिको उक्त कार्यक्रमको अन्तरवस्तुका सन्दर्भमा मैले केही न केही लेख्नैपर्छ भन्ने लाग्यो। परिणामतः आत्मसम्मान, मुक्तिबोध र पोलिटिक्स इन कमान्डको प्रश्नमा केन्द्रित रहेर यहाँ सङ्क्षिप्त धारणा प्रस्तुत गर्ने जमर्को गरिएको छ :

### समकालीन दलित समुदायको भुक्तमान

समकालीन नेपाली समाजमा दलित समुदायको भुक्तमान जीवन निकै भयावह छ । यसलाई एक-दुई आलेख वा टिप्पणी समेट्नु असम्भव हुन्छ तर पनि केही सन्दर्भ यहाँ उल्लेख गर्नैपर्ने हुन्छ। सिन्धुली-हत्पते ४ मा दलितको विवाहमा ३ प्रकारको भान्सामा बाहुन/क्षेत्रीको भान्सामा खसी, जनजातिको भान्सामा राँगो र दलितको भान्सामा सुँगुर काटिनु, काभ्रेमा अन्तर्जातीय विवाह गरेको निहुँमा एक युवाको हत्या र नेपालको पश्चिमी एक जिल्लामा बाहुनको चुलो छोएको निहुँमा एक किशोरलाई चरम यातना दिइनुले नेपालमा दलित समुदायको अवस्थालाई नै उजागर गर्दछ। त्यसैगरी, तराईमा इनार छाएको निहुँमा तराईमा दुई अबोध बच्चालाई चारपाटा मुडेर चर्को यातना दिइएको छ भने बोक्सीको आरोपमा काभ्रेमा लक्ष्मी परियारलाई खाँबोमा बाँधेर, दिसा खुवाएर, अबोध छोराका अघि पिटेर हत्या गरिएको छ । गुल्मीमा दलित होटलमा खान खाएको भाँडा नमाझेको भन्दै निर्घात कुटिएको घटना सेलाउन नपाउँदै गुल्मीमै फेरि अर्का दलित नवनिर्वाचित एमाले वडाध्यक्षबाटै कुटिए। चन्द्रकोट गाउँपालिका ५, ग्वाघाका वडाध्यक्ष टेकबहादुर पुनले स्थानीय अपाङ्ग दलित मानबहादुर विकलाई कुटपिट गरेका हुन् । विकले भनेका छन्, "चुनावको प्रचारताका जस्तापाता र ५ हजारका दरले पैसा बाँड्छौँ भनेका थिए । अहिले जितेपछि त उनले देलान् नि, नत्र जनताले कालो मोसो दल्छन् भनेर भनेको थिएँ। त्यो कुरो सुनेर एक्कासी आएर मलाई हाने।" यी परिघटनाले नेपाली समाजमा जरो गाडेको र हुर्कंदै गएको फासिवादी, जातीय उत्पीडन तथा अहङ्कारलाई गम्भीर रूपमा द्योतन गर्दछ।

प्रवासबाट आएर नेपाललाई कर्मथलो बनाएका दलित फिल्म निर्देशक तुलसी घिमिरे, गायिकाहरू कुन्ती मोक्तान, देविका प्रधान, सङ्गीतकारहरू रञ्जित गजमेर, सचिन सिंहजस्ता प्रतिभाले 'जात' नलेखी थर लेख्नुले तिनको मनौवैज्ञानिक हविगत छर्लङ्ग पारिदिएको छ । नेपालमा ६० लाखको हाराहारीमा दलित समुदाय रहेको देखिन्छ। बाङ्गे सार्कीदेखि दिलबहादुर रम्तेलसम्मले दलित मुक्ति आन्दोलनमा बलिदान गरिसकेका छन् । भारतमा भर्खरै दलित समुदायबाट रामनाथ कोविन्द राष्ट्रपति चुनिएका छन् । नेपालमा भर्खरै सम्पन्न भएको भनिएको स्थानीय निकायको निर्वाचनमा वडा सदस्यमा एकजना दलित महिला अनिवार्य गरिएको बताइन्छ। 'यो निर्वाचनले दलित मुक्ति नहुने भएकोले म यो प्रक्रियामा समावेश हुँदिनँ' भनेर एकजनाले पनि बहिष्कार घोषणा गरेको समाचार बन्न सकेन। यसले नेपालमा दलितहरूको अवस्था, आन्दोलन र तिनको मनोदशालाई राम्ररी नै उजागर गरिदिएको छ।

### केही राजनीतिक, सैद्धान्तिक तथा दार्शनिक प्रश्न

नेपालमा सङ्गठित दलित आन्दोलन राणाशासन विरोधी आन्दोलनको समयदेखि नै सुरु भएको हो। दलित आन्दोलनसित ऐतिहासिक, राजनीतिक, वैचारिक, सैद्धान्तिक तथा दार्शनिक प्रश्न जोडिएका छन् । भारतीय उपमहाद्वीपमा करिब ३५ सय वर्षअघि वर्णव्यवस्थाको जग हालिएको मानिन्छ । करिब दुई हजार वर्ष पहिले ब्राह्मण राजा मनुको शासनकालमा वर्णव्यवस्थामाथि छुवाछूतसमेत लादियो । भारतबाट हिन्दुधार्मिक शासक र जनता नेपाल खण्डमा प्रवेश गर्नेक्रमसँगै वर्णव्यवस्था आइपुगेको पाइन्छ। नेपालमा काठमाडौं उपत्यका, पश्चिम नेपाल र तराई वा मधेसमा छुवाछूतसहितको वर्णव्यवस्थालाई व्यवस्थित पार्नेक्रममा शासकजातिले दलित समुदायलाई अपमानित गर्दै 'शुद्र', 'अछूत', 'पानी अचल', 'कूजात', 'पउनी' आदि नाम दिए । यसबीचमा जातीय छुवाछूतको विरोध गर्नेहरू नभएका होइनन् । तिनमा जोसमनी सन्तहरू अग्रपङ्क्तिमा देखिए । सन्त शशीधर र ज्ञानदिलदासले जोसमनी मतको प्रचार गर्दै जातिप्रथाको विरोध गरे। जोसमनी सन्त शशीधरसँग दीक्षित भएर राजा रणबहादुर शाहले जोसमनी मतमा लागेर हिन्दु धार्मिक परम्पराविरुद्ध बाहुन श्रीमती बनाएर तिनैका सन्तान गीर्वाणलाई राजा बनाएका थिए । तात्कालीन अवस्थामा रणबहादुरको यो कदम सामान्य परिघटना थिएन । जातीय भेदभावविरुद्ध बुद्धिस्ट महाकवि अश्वघोषले अनेकौँ बौद्धिक, पौराणिक शास्त्रीय सन्दर्भका उद्धरण अघि सारेर गहिरो विवेचना गर्द भनेका छन्- "एउटै ईश्वरबाट जन्मेका मानिसहरूको चारवर्ण कसरी हुन सक्छ ? देवदत्तले एउटै पत्नीबाट चार छोरा जन्माए भने तिनीहरूमा ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्र भन्ने भेदभाव कहाँबाट आउँछ ?" सायद यो प्रश्नको उत्तर पूर्वाग्रहबाट ग्रसित कथित विद्वान् शासकहरूसित थिएन र हुन पनि सक्तैनथ्यो।

के त्यसो भए दलित उत्पीडित समुदाय हातमा दही जमाएर बसेका थिए त ? कुरा त्यसो होइन । १९९७ मा बाग्लुङका सर्वजित विश्वकर्मालगायतले सुरु गरेको छुवाछूत विरोधी जनैअभियान, १९०३ मा सुरु भएको राणाशासन विरोधी सङ्घर्षमा सिंहदरबारमा थुनिएका नेताहरूलाई राममाया च्यामेले गोप्यरूपमा सूचनाको आदान-प्रदानमा निर्वाह गरेको भूमिका, २०११ सालमा सहर्षनाथ कपाली, सिद्धिबहादुर खड्गी र गणेश योगीको सक्रियतामा पशुपतिनाथको मन्दिर प्रवेश आन्दोलन, २०१७ सालमा तिखे नगर्ची र टीकाराम पार्कीको नेतृत्वमा डोटीको शैलेश्वरी मन्दिर प्रवेश आन्दोलन, २०२१ सालमा भोजपुर जिल्लामा पद्म सुन्दास र लालकुमारी विश्वकर्माको अगुवाईमा सिद्धकाली मन्दिर प्रवेश आन्दोलन, २०४७ सालको नवलपरासी मन्दिर प्रवेश काण्ड, २०५० सालको चितवन र स्याङ्जाको दूधकाण्ड, गोरखाको गोरखकाली मन्दिर प्रवेश काण्ड, सिन्धुपाल्चोक र काभ्रेका पानी उभाउ आन्दोलन, सप्तरीका चमारहरूको सिनो बहिष्कार आन्दोलन, वादी र हलिया आन्दोलन हुँदै यी सबै सङ्घर्ष-आन्दोलनका उत्कर्षका रूपमा २०५२ सालमा जनयुद्ध सुरु भयो । जनयुद्ध न्याय, समानता, आत्मसम्मान र स्वाधीनताका लागि भएका सबै किसिमका वर्गसङ्घर्षका उच्चता थियो।

नेपालमा लगभग कम्युनिस्ट पार्टीको स्थापनासँगै दलित आन्दोलन पनि त्यसको वैचारिक तथा दार्शनिक सिद्धान्तसँग जोडिँदै आएको पाइन्छ । नेपालका प्रायः सबै राजनीतिक दलहरू समर्थित दलित सङ्गठनहरू रहेका छन् । नेपाली समाजमा अन्याय, अत्याचार र उत्पीडिनको पींधमा रहेका दलित समुदाय आज अवर्णनीय अन्यायको चपेटामा छन् । आर्थिक, सामाजिक वा राजनीतिक व्यवस्था तथा धर्म, संस्कृतिका आडमा दलितजातिमाथि भइरहेको शोषण उत्पीडन सम्पूर्ण व्यवस्थाविरुद्ध सङ्घर्ष नगरीकन दलितको वास्तविक मुक्ति सम्भव छैन । दलितजाति एक्लैले त्यो प्रतिक्रियावादी व्यवस्थाविरुद्ध सङ्घर्ष गरेर आफूलाई मुक्त गर्न सकिँदैन । सबै शोषित उत्पीडित वर्ग र जनसमूहबीचमा ऐक्यबद्धताको आवश्यकता छ । साम्राज्यवादी षड्यन्त्रबाट नेपालमा एनजीओबाट सबैभन्दा बढी प्रभावित दलित आन्दोलन भएको छ। गत आर्थिक वर्षमा मात्र तराईका २२ जिल्लामा आईएनजीओको २३ अर्ब र सिंहदरबारभित्र मात्रै ९० अर्ब खर्च भएको तथ्याङ्क हालसालै सार्वजनिक हुनुले विषयको गम्भीरतालाई बोध गराउँछ। यसर्थ, नयाँ जनवादी क्रान्तितिर नै दलित आन्दोलनको दिशा सोझिनुपर्दछ।

संसारभर उच्च जातीय अहङ्कार रहेको छ । सदियौंदेखि नेपालमा कायम रहँदै आएको सामन्तवादमा आधारित हिन्दूशास्त्रमा आधारित ब्राह्मणवादी राज्यसत्ताको कारण नेपालका विभिन्न जातजाति र खासगरी दलितहरूमाथि शोषण, उत्पीडन हुँदै आएको कुरा सही हो। दलित समुदायमा पनि ब्राह्मणवाद पाइन्छ । 'ब्राह्मणवाद' सबैखाले धर्मसँग सम्बन्धित छ । सामान्यतया ' ब्राह्मणवाद' भन्नाले वेद तथा उपनिषद् आदि धार्मिकग्रन्थद्वारा निर्दिष्ट कर्मकाण्डको आधारमा अवलम्बन गरिएको जीवनदर्शन भन्ने बुझिन्छ। यो मूलतः धार्मिक ब्राह्मणवर्गमा पाइने नितान्त स्वार्थी, जातीय सर्वसत्तावादी मानसिकता, मनोवृत्ति एवम् त्यसको आधारमा स्थापित तथा सञ्चालित पद्धति हो। काठमाडौं उपत्यकामा नेवारजातिबीच अत्यन्त अप्रिय तथा स्वेच्छाचारी जयस्थिति मल्लले सामाजिक सुधारको नाममा नेवारी समुदायलाई पनि विभाजन गरिदिए । उनले नेवारहरूलाई ४० उप-समूहमा विभाजन गरे। नेवारहरूमा कर्माचार्य, बैश्य, श्रेष्ठ र दैवज्ञलाई उच्चजातको रूपमा प्रस्तुत गरिएको छ भने अन्य ३६ उप-समूहमध्ये पनि पानी चल्ने र नचल्ने जात छुट्याउने क्रममा ८ नेवारी जातिलाई (खड्गी, धमला, कूलु, च्यामे, पोडे, कसाही, कपाली आदि) लाई पानी नचल्ने (ध्योला) जातको रूपमा राखियो । जयस्थिति मल्लको सामाजिक सुधार र त्यसपछि १९१० मा भएको मुलुकी ऐन टिपोट र १९१० कै (पुरानो मुलुकी ऐन) मा व्यवस्था गरेको मुलुकी ऐनमा पानी नचल्न्या, छोया छितो हाल्नु नपर्न्या जातको चर्चा गर्नुले यसको शासकीय अहङ्कारलाई वैधानिक रूप कसरी दिइएको रहेछ भन्ने कुरा बुझ्न सकिन्छ।



भारतमा 'दलित' शब्दको प्रयोग डा. भीमराव अम्बेडकरले सन् १९३० को दशकमा त्यहाँको दलित आन्दोलनलाई केन्द्रित गर्नेक्रममा प्रयोग गरेका थिए । नेपालमा पनि २०२० को दशकमा 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद्' गठनका क्रममा दलित शब्दको संस्थागत प्रयोग भयो । दलित शब्द सामन्तवादी राज्यसत्ताद्वारा बलात् ढङ्गले जातीय विभेद, छुवाछुत र चौतर्फी बहिष्करणको समस्या भोग्दै आएका श्रमजीवी समुदायहरूको समुच्चय हो । आफ्नै भाषा, भूगोल, आर्थिक प्रणाली र आफ्नै संस्कृति तथा मनोविज्ञान भएको मानव समूह भएकोले यो राष्ट्रियतासित सम्बन्धित प्रश्न हो । यसको अन्तरवस्तुमा राष्ट्रियता रहेको छ।

समाजमा जबर्जस्ती जात कसरी निर्माण गरिन्छ भन्ने विषयमा एउटा दृष्टान्त प्रस्तुत गरौँ- राज्यसञ्चालन कसरी गर्ने भन्नेबारेमा भाइभारदारका बीचमा राजपरिवारमा छलफल भएपछि राजा जयस्थिति मल्लले विचार गरे- अब सीपको पहिचान गरी कामको विभाजन गरेर मात्र राज्य सञ्चालन गर्न सकिन्छ अन्यथा गाह्रो हुन्छ। उनले दरबारमा बैठक आह्वान गरे। राजालाई राजगद्दीमा आउँदा लगाउने जुत्ताको आवश्यकता पऱ्यो। त्यहीबीचमा एकजनाले भनेछ- महाराज त्यो काम म गर्न सक्छु। राजा खुसी भई हुकुम भयो- गरेर ल्याऊ । त्यो व्यक्ति खुसी भएर केही दिनको बडो मिहिनेत लगाएर जुत्ता बनाएर ल्यायो । उसले राजालाई देखाउँदै भन्यो- महाराज, मैले हजुरको आदेशअनुसार जुत्ता बनाएर ल्याएँ। राजाले हेरेर लगाए, एकदम ठीक भयो । स्याबासी पनि पायो । राजा राजगद्दीमा आसीन भएको बेला त्यहाँ नजिकै जुत्ता राख्ने ठाउँ थियो । दरबारमा पालेको एउटा कुकुरले त्यो जुत्ता टोकेर च्यातिदिएछ। कुकुरलाई छाला मन पर्ने त भइहाल्यो । त्यो कुरा दरबारका भारदारहरूले राजालाई सुनाए। त्यसपछि राजाले जुत्ता बनाउनेलाई बोलाएर हप्काउँदै भने- तैँले के यस्तो जुत्ता बनाएको ? यो त कुकुरभन्दा पनि घटिया बनाइस् ? एकदिन राजसमारोहमा त्यो जुत्ता बनाउनेलाई देखेपछि हुकुम दिए- यसलाई यहाँ आउन नदेऊ, टाढा राख । पछि गएर त्यसले एक जातको रूप लियो । जो पछि गएर सार्की हुन पुग्यो। यसबाट हामी दलितजातिको उद्भव, बाध्यता र उच्च जातीय तथा शासकीय अहङ्कारलाई नजिकबाट बुझ्न सक्तछौँ।

### मुक्तिबोध र पोलिटिक्स इन कमान्ड

मुक्तिबोध, आत्मसम्मान र पोलिटिक्स इन कमान्ड दलित आन्दोलनको केन्द्रीय प्रश्न हो। सही राजनीतिले मात्र दलितमाथि गरिने सबै अन्याय र अत्याचार समाप्त गर्न सक्तछ। दलित आन्दोलनको मुख्य सङ्घर्ष दलाल पुँजीवादसितै हो तर पनि नेपालको सन्दर्भमा सामन्तवादी अवशेषसित लड्न पनि छोड्नुहुँदैन । जातीय मुक्तिआन्दोलन वर्गीय मुक्तिआन्दोलनसिछ जोड्नुपर्दछ । जनयुद्धले नेपाली दलितको आत्मसम्मान उच्च बनाएको कुरा सही हो तर अहिले प्रतिक्रान्ति भएको छ। दलित समुदाय मुक्तिको साधन वर्गसङ्घर्षबाहेक अरू केही हुनैसक्तैन । सत्ताको तावेदारी गरेर दलित मुक्ति त झन् असम्भव छ।

दलितमुक्ति आन्दोलनको सही हतियार मार्क्सवादी-लेनिनवादी-माओवादी मार्गनिर्देशक सिद्धान्त र भौतिकवादी विश्वदृष्टिकोण नै हो । नेपालमा जातीय समानताका निम्ति अपनाउनुपर्ने क्रान्तिकारीदिशा निर्धारण गर्न र दलित समुदायको मुक्ति तथा अन्य जाति तथा जनजातिको मुक्तिको मार्गलाई सुनिश्चित गर्ने सन्दर्भमा लेनिनको यो भनाइ निकै महत्वपूर्ण प्रतीत हुन्छ। उहाँ भन्नुहुन्छ, "मार्क्सवादी सिद्धान्त सर्वशक्तिमान छ किनभने यो सत्य छ । यो व्यापक तथा सुसङ्गत छ र यसले मानिसहरूलाई यस्तो सिङ्गो विश्वदृष्टिकोण प्रदान गर्छ, जुन कुनै पनि रूपको अन्धविश्वास, प्रतिक्रियावाद वा पुँजीवादी उत्पीडनप्रतिको समर्थनको विरोध गर्छ।"

दलितमुक्ति आन्दोलनलाई सही विचार, सशक्त र व्यापक सङ्गठन तथा वगसङ्घर्षको स्तरमा उठाउन आवश्यक छ। समग्रमा वर्गीय तथा राष्ट्रय मुक्ति आन्दोलनसित नजोडीकन नेपालका दलितहरूको मुक्ति असम्भव छ। नेपालमा एकीकृत जनक्रान्ति समग्र उत्पीडनबाट मुक्ति दिने क्रान्तिकारी राजनीतिक कार्यदिशा क्रियाशील रहेको छ । धार्मिक पाखण्ड र सत्ता अहङ्कारले कतिसम्म गर्छ भन्ने सन्दर्भमा एउटा उदाहरण हेरौँ- आर्यसमाजी माधवराज जोशीलाई दरबारिया पण्डितहरूसँग शास्त्रार्थ गर्न चन्द्रशमशेरबाट बोलावट भएछ । धार्मिक पाखण्डविरुद्ध धाराप्रवाह बोल्ने आर्यसमाजी जोशी र चन्द्रशमशेरका दरबारिया पण्डितहरूबीच भयङ्कर बहस भएछ । चन्द्रशमशेरका सामुन्नेमा माधवराज जोशीले दरबारिया पण्डितहरूलाई नाजवाफ बनाएछन् । तर्क र बहसमा नाजवाफ भएपछि कायर दरबारिया पण्डितहरूले माधवराज जोशीको टाउकोमा लट्ठीले हिर्काएछन्, उनको टाउको रगताम्मे भएछ।

अन्तमा, दुई-दुईपटक बाराक ओवामा अमेरिकामा राष्ट्रपति निर्वाचित भए, के त्यहाँ रङ्गभेद अन्त्य भयो ? भएन । भारतमा भर्खरै राष्ट्रपतिमा रामनाथ कोविन्द निर्वाचित भएका छन्, के त्यहाँ दलितभेद अन्त्य होला ? हुनेवाला छैन । आज भारतीय उपमहाद्वीपमा धार्मिक फासीवाद, संसदीय दलाल पुँजीवाद नयाँ शिराबाट उदाउँदो अवस्थामा छ। यसले नेपाललाई पनि लपेट्दै लगेको सुपस्ट छ। राज्यसत्ताको शोषण, अन्याय, दोहन र उत्पीडनलाई हेर्दा नेपालका केही मुट्ठीभरका मानिसबाहेक तीन करोड जनता सबै दलित हुन् । हामी सबैको साझा दुश्मनको रूपमा रहेको दलाल सत्ताका विरुद्ध एकजुट भएर लडौँ। दलितमुक्ति आन्दोलनमा आत्मसम्मान, मुक्तिबोध र पोलिटिक्स इन कमान्ड केन्द्रीय प्रश्न हुन्।

---

कविता

## जमुना बहिनी, अब मैले कसको के कुरा गर्नू ?

- पूर्णविराम



श्रद्धाञ्जलीसम्म नपाउने गरी मरेको सूर्यको के कुरा गर्नू ?
कमला भट्टको तस्बिरम धूलो जमाउनेहरू
घाटमा उपस्थित भएका छन्
टोकरीभित्र रहेका तक्षकको के कुरा गर्नू ?
अरूको गोडा बालेर आफ्नो निम्ति अर्क बनाउँदै
जामुना गुभाजुको विधि पोल्नेहरूको के कुरा गर्नू ?
जमुना बहिनी, अब मैले कसको के कुरा गर्नू ?

मुक्तिको झन्डा उचाल्ने हातहरूमा
लुतो थोपरिरहेको हावाको के कुरा गर्नू ?
हरेक क्षण कतै न कतैबाट फुरी कीराहरूले टोकिरहेका छन्
किम्बुका सारा रुखहरू बगाएको खोलाको के कुरा गर्नू ?
मानसरोवरमा बसेर गँड्यौलाखान धेरै वर्ष कुर्नुपर्ने ठहर गर्दै
टुकुचालाई सुन्दर ठहऱ्याउँदै गँड्यौला खान हिँडेको माछाको के कुरा गर्नू ?
जुद्धशमशेरको सालिक नउखेलिएको ठाउँमा
कृष्ण सेनको सालिक बनेन भनेर के कुरा गर्नू ?
जमुना बहिनी, अब मैले कसको के कुरा गर्नू ?

सर्वदालाई हरेक दिनखुर्पाले उखेल्दै बकैनाको बिरुवा
सारिरहेको जमिनको के कुरा गर्नू ?
आफू मर्दा आफूसँगसँगै गणना गर्न सक्ने गरेर
थुप्रै स्त्रीहरू सती लग्ने नरभूपालको के कुरा गर्नू ?
असङ्ख्य जिब्राहरूमा सखरको अलिकति लेप दलि(दिएर
हातमा तरबारको साटो बाच्छे बाजा थमाउँदै
आफ्नो वरिपरि सतीमण्डप बनाएर
मुस्कुराइरहेको नेपोलियनको अब कसरी के कुरा गर्नू ?
फेदी नै शिखर हो भनेर कसरी के कुरा गर्नू ?
जमुना बहिनी, अब मैले कसको के कुरा गर्नू ?

फट्याङ्ग्रो पनि जनगणनामा मानिस भएर गणना भएको छ
त्यस्तो गणनाको अब कसरी के कुरा गर्नू ?
नगरकोटे टाउकाहरू गिँडेको अवनीनारानको खुँडा
सङ्ग्रालयमा रहेको छ भन्ने हलुका हुने किसिमको के कुरा गर्नू ?
उसको टोपी जस्ताको तस्तै चम्किरहेको रातमा
उसको टोपी नदेख्ने सुरदासको के कुरा गर्नू ?
क्यालेपकुसिङ मऱ्यो भनेर के कुरा गर्नू
उसको रबाफ अहिले पनि जहाँकहीँ जुर्मुराइरहेछ
जमुना बहिनी, अब मैले कसको के कुरा गर्नू ?

कौसीबाट खसेको मानिस मूर्दा नभएको परिवेशमा
कमला भट्टलाई अपघात गर्नेको कुममा थपिएको
अलङ्कारको के कुरा गर्नू ?
गोरखामा हिमपात भएर
अञ्जान विरहीको कविता निथ्रुक्कै भिजेको
वातावरणभित्र
घ्याम्पेसालमा अब पढिने कविताको के कुरा गर्नू ?
ढलभित्र नौलो नाच नाच्छौँ भनेर
केवल पीठहरू मात्र कोर्ने भ्यागुताहरूको के कुरा गर्नू
आफ्नो औँला चुस्दै कोक्रोमा यताउति हेरिरहेको छ स्टालिनले
भोलि हिँड्ने स्टालिनको यतिखेर आजै के कुरा गर्नू ?
नहिँडेको स्टालिन हिँड्यो भनेर के कुरा गर्नू
जमुना बहिनी अब मैले कसको के कुरा गर्नू ?

## माकेको भविष्य ...

यसले संसद्वादतर्फको पतनलाई अझ तीव्रता दिएको छ । माथिका तर्कहरूमा घुमाउरो र सन्ध्या शैलीको प्रयोग गर्दै प्रष्ट भाषामा प्रचण्डको भनाइ रहेको छ कि अहिलेको प्रतिक्रियावादी सत्ताको एजेन्डा, त्यसको संस्थागत विकास र त्यो दिशामा जनतालाई भ्रमित गर्ने स्किम कुनै एमाले र कांग्रेसहरूको होइन, त्यो प्रचण्डको हो; जो चुनावको प्रक्रियाबाट सुदृढ भएको छ । अथवा १० वर्षको महान् जनयुद्धले संसदीय व्यवस्थालाई जसरी अर्धमृत अवस्थामा पुऱ्याएको थियो, त्यसलाई पुनर्जीवित गर्ने र प्रतिक्रान्ति गर्ने काम अरू कसैले होइन, त्यो प्रचण्डले नै गरेका थिए । माके पार्टीले चुनावमा हारे पनि या जिते पनि यो प्रतिगामी राजनीतिक पतनको प्रवाह रोकिनेछैन र त्यसमा माकेको जित भएको मान्नुपर्छ, प्रचण्डको जोड यसैमा भएको देखिन्छ ।

माकेले चुनाव हार्नुमा जनतालाई दोष दिए पनि जनताको निष्कर्ष भने माकेको बुझाइभन्दा धेरै माथि भएको देखापऱ्यो । देशमा राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक रूपमा आमूल परिवर्तनको कठीन कार्यसूची लिएर आम जनतालाई विश्वस्त गरेको पार्टी पुराने संसद्वादीहरूको मियोमा घुम्दै देशमा राष्ट्रघात, जनविरोधी हर्कत, साम्राज्यवादको चाकरी, भ्रष्टाचार, एवम् राज्यमाथिको लुटको निरन्तरतामा आउने हो भने र यसप्रकारका गतिविधिबिना देश नचल्ने माकेको पनि निष्कर्ष हो भने त्यसका लागि एमाले र कांग्रेसभन्दा माके के कुरामा फरक रह्यो भन्ने जनताको निक्यौंल हुन पुग्यो । यो विश्लेषणका आधारमा बेटर अमङ द वर्सट् (अथवा अति खराबमध्येको राम्रो) भने झैं जनताका लागि दलाल, राष्ट्रघाती र जनविरोधीहरूमध्येका राम्रोलाई छान्नु नै उपयुक्त हुन्थ्यो, त्यही भयो पनि । जनताको परिवर्तका लागि उठाइएका राजनीतिक कार्यदिशा छाडेपछि माकेका लागि जनताले विश्वास गर्ने ठाउँ कतै रहेन । बरु तमाम विषयहरूमा माके नेतृत्वको सरकारबाट जनतालाई ढाँट्न खोजियो । भारतबाट ठूलो पैमानामा महङ्गोमा बिजुली खरीद गर्ने, पेट्रोलियममा मूल्य बढाएर वक्यौता तिर्ने र आन्तरिक व्यवस्थापनबाट अन्धकार या लोड सेडिङ हटाइएको हल्ला गर्ने माके नेतृत्वको सरकारी शैली भारतका गल्लीहरूमा सर्प नचाउने चटकेको भन्दा भिन्न रूपमा जनताले देखेन । सर्पको खुट्टा सर्पले देखेको हुन्छ भनेजस्तै कमिसनखोरीका हरेक छिद्र हेरिरहेको एमालेको आँखाबाट अनगिन्ती कमिसन लिने चीमकाण्ड छुप्न पनि सकेन । साम्राज्यवादको दलाली, प्रचण्डले भारतसँग गरेका राष्ट्रघाती सहमतिहरू, सरकारबाहिर हुँदा माथिल्लो कर्णाली, अरूण तीन, माथिल्लो मर्स्याङ्दी, कोशी उच्च बाँधविरुद्ध बोल्नेहरू सरकारमा सहभागी हुनेबित्तिकै सबै कुरा बिर्सने र पुराना सम्झौता खारेज गर्नुको सट्टा कार्यान्वयनमा सहमति गर्ने कुरा पनि जनताले नबुझ्ने विषय थिएन । समग्र देश र जनताको परिवर्तनको मुद्दा पन्छाएर सहिद परिवार, बेपत्ता परिवार, घाइते अपाङ्गहरूको भावनामा भोट बटुल्न खोज्ने माकेको नौटंकी जनताको आँखामा नक्कली औषधी बेच्ने ठगहरूको चर्तिकलाभन्दा फरक देखिएन । देश युवाविहीन, उद्योगविहीन, उत्पादनविहीन हुँदै गइरहेको प्रष्ट परि दृश्यमा कतैबाट भए पनि सकारात्मक सन्देश सुन्न लालायित कार्यकर्ताहरू दंग पर्ने गरी माके नेतृत्वको सरकारमा गार्हस्थ उत्पादनमा वृद्धि भएको हल्ला पनि एउटा रोचक प्रसंग रह्यो । कुनै समयमा रामशरण महतलाई एसियाकै उत्कृष्ट अर्थमन्त्री भएको प्रचार गरिन्थ्यो । त्यसको अर्थ सहज बुझ्न सकिन्थ्यो कि उनी एकाधिकार पुँजीपतिको हितमा काम गर्ने एसियाकै उत्कृष्ट दलाल वा अर्थमन्त्री थिए । माकेमा भएका कतिपय साथीहरूले नमज्जा या मज्जा नै माने पनि माके सरकारको प्रशंसामा त्यही दुर्गन्धको हस्को आउँछ । सायद एकाधिकारवादी पुँजीको दलाली र उसको आर्थिक वृद्धिमा माके सरकारको ठूलो योगदान रह्यो; जसले रामशरणलाई समेत पछि पारिसकेको हुनुपर्छ । जसको कारण माके नेतृत्वको सरकारमा आर्थिक वृद्धि भएको प्रचार गरिएको छ । शासकहरूले विदेशीको भीक्षा आकर्षित गर्न र आफ्नो सरकारको प्रशंसा बटुल्न तयार गरिएका आर्थिक आँकडाहरू जे जति देखाए पनि नेपालको अर्थतन्त्रले दलाल पुँजीवाद फस्टाउनेबाहेक, देश, जनता र राष्ट्रिय पुँजीको हितमा कहीं पनि सकारात्मक दिशातिर सोझिएको देखिँदैनन् । समग्र नेपाली जनताको जीवनमा कुनै पनि सकारात्मक प्रभाव पारेको देखिँदैन ।

क्रान्तिको बाटोलाई बीचैमा विसर्जन गर्ने विसर्जनवादी आत्मसमर्पणका बाबजुद, जनयुद्धले स्थापित गरेका गणतन्त्र, धर्मनिरपेक्षता, समतामूलक समाजको दिशामा उथलपुथल ल्याउने १० वर्षको महान् जनयुद्धको नेतृत्व गरेका नेताहरूप्रति कार्यकर्ताको माया हुनु स्वाभाविक हो । जस्तो मरेकै भए पनि जन्म दिने र लालन पालन गर्ने बाबु आमाको माया मानिसलाई हुने गर्छ । वैचारिक, राजनीतिक एवम् दार्शनिक रूपले लास परिसकेको माके नेतृत्व फेरि ब्यूँतला भनेर कुरिबस्ने साथीहरूको समीक्षा मृत्यु शय्याबाटै हुन जरुरी छ । त्यसो गर्लान्, नगर्लान् उनीहरूको कुरा हो । यसको पहिलो र निर्मम समीक्षा प्रचण्डले स्वयंले गर्नुपर्छ, उहाँले चुनबाङ बैठकमा लोकतन्त्रपछि जनवाद या बुर्जुवा गणतन्त्रतिर लाने शक्तिहरूको बीचमा क्रान्तिका लागि भिडन्त हुन्छ, लेख्नुभएको थियो । के त्यो समय प्रचण्डका लागि अहिले पनि आएको होइन या प्रचण्डले कसको पक्ष लिने, बुर्जुवा गणतन्त्रको कि जनवादी गणतन्त्रको ? निर्मम समीक्षाको सुरुआत त्यहाँबाट भयो भने माके पार्टी माओवादीमा रूपान्तरण हुने सम्भावना रहन सक्ला ।

यदि माके पार्टीले यसप्रकारको निर्मम समीक्षा गर्न सकेन, सतही समीक्षा र त्यसमा पनि संसद्वादको पतनको प्रक्रियामा कमजोरी कहाँ भए भन्ने हो भने "नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को" भविष्य अब एमालेमा प्रवेश गर्नेबाहेक अर्को विकल्प हुने छैन । माके पार्टीको एमालेमा प्रवेश हुनु वियोगान्त आवश्यकता एक अनिवार्य भन्ने यो विश्लेषण कुनै खप्परयोगको दशा झेलेका मनुवाको मुक्ति दिलाउने ज्योतिषवाणी होइन, यो एउटा तार्किक राजनीतिक विश्लेषण हो, जसमा चाहेर या नचाहेर परिवेशले धकेलेको कुनामा कोच्चिएर माके पार्टीले बस्नुपर्नेछ । यसप्रकारको राजनीतिक विश्लेषण गर्दा त्यो पार्टीमा भएका धेरै साथीहरूको जिब्रोमा नमीठो स्वाद सल्बलाउनेछ तर साँचो अर्थमा निर्मम समीक्षा गर्दै क्रान्तिकारी दिशा नसमात्ने हो भने, केही शर्त र प्रवृत्तिहरूसहित राजनीतिक विश्लेषण गर्दा माके नाममा रहेको पार्टीको वृत्तचित्रको पटाक्षेप हुने अर्को ठाउँ देखिँदैन । माकेको यसप्रकारको वियोगान्तका लागि केही शर्त या अवस्थाहरूले काम गरेका हुनेछन् । पहिलो शर्त हो । संसद्वादी राजनीतिभित्र प्रचण्डको राजनीतिक सक्रियता, दोश्रो शर्त हो माओवादी अथवा सच्चा कम्युनिस्टका विरुद्ध प्रतिक्रियावादी हमला एवम् खेदाइ र तेश्रो शर्त हो माके पार्टीको नेतृत्वमा भएका साथीहरूको वैचारिक एवम् राजनीतिक विचलन र बुर्जुवा जनवादी पार्टीमा पतन । यसमा पहिलो र निर्णायक शर्त प्रचण्डको राजनीतिक सक्रियता नै हो ।

यी शर्तहरूको बारेमा संक्षिप्त चर्चा गरौं । यदि प्रचण्डको राजनीतिक सक्रियता निरन्तर नराख्ने हो भने यो पार्टी स्वतः विघटन हुनेछ किनकि त्यहाँ माओवादीको ट्रडमार्क राखेर बुर्जुवा राजनीति गर्ने मानिसहरूको दक्षता माथि पनि प्रश्न उठ्न सक्छ । यो तथ्य बाबुरामको नयाँ शक्तिले देखाएको हविगतले स्पष्ट गर्छ । र, क्रान्तिकारी राजनीतिकमा फर्कने सम्भावना ती साथीहरूको वैचारिक, राजनीतिक, सांस्कृतिक र संगठनात्मक स्पिरिटका हिसाबले समाप्त भइसकेको छ । नेपालको स्थानीय निर्वाचनमा देखिएको जनमतको सतही रुझान हेर्ने हो भने यो कुरा स्पष्ट देखिन्छ कि संसदीय व्यवस्थाको अन्तर्राष्ट्रिय प्रयोगको प्रभाव नेपालमा पनि जबर्जस्त रूपमा परेको छ । संसदीय व्यवस्थाको अन्तर्राष्ट्रिय प्रभावले मानिसको मनोविज्ञानलाई दुई पार्टीमा धकल्यो । र, संसदीय व्यवस्था रहिरहेको अवस्थामा यो एउटा चक्रको रूपमा चल्नेछ, जसले एमाले र कांग्रेसमध्ये एउटा कुर्चीमा र एउटा बाहिर भइरहने अवस्था सृजना गर्नेछ । तमाम देशवासीले अनुमान गरेजस्तै विदेशीको वैशाखीमा उभ्याइएका या उनीहरूको चाहनामा काम गर्ने नयाँ शक्ति, मधेसवादी, क्षेत्रीयतावादी, धार्मिक अन्धविश्वासवादी, सामन्तवादी सबै पार्टीहरू समाप्त भएका छन् र उनीहरूको राजनीतिक शरण भनेको नीति र कार्यदिशाअनुसार एमाले या कांग्रेस नै हुनेछन् । यो अवस्था मूलतः नेपाली जनताको राजनीतिक चेतनाले निर्धारण गरेको छ र सहायक रूपमा संविधानमा गरिएको राजनीतिक अराजकतावादलाई नियन्त्रण गर्ने प्रावधान "थ्रेसहोल्ड" को व्यवस्थाले । ३ प्रतिशत र एकजना अनिवार्य जित्नुपर्ने व्यवस्थाले पार्टी साना-तिना पार्टीहरूका च्याँखे थापेर संसदीय अराजकताको फाइदा उठाउँदै माननीय र मन्त्री बन्ने दिन समाप्त भएका छन् । यो व्यवस्थाको प्रभाव स्वतः प्रान्तीय र केन्द्रीय चुनावमा पर्नेछ । माकेको प्रान्तीय सरकार कहीं बन्ने देखिँदैन र केन्द्रीय चुनावमा जिताइएका मानिसबाहेक जनताको भोटले जित्ने एउटै मानिस देखिँदैनन् । संसदवादी प्रतिक्रियावाद बचाउन माकेबाट जिताउनैपर्ने मानिसहरूका पहिलो प्रचण्ड नै हुनेछन्, दोस्रो माकेमा नभए पनि त्यही मूल्य र मान्यता वहन गर्ने बाबुराम भट्टराई, तेस्रोमा नारायणकाजी, बाँकी एक्का-दुक्काबाहेकका साथीहरूको इन्ती-गिन्ती नहुन सक्छ । यसप्रकारको राजनीतिक परिवेशले माकेलाई ठूलो राजनीतिक संकटमा फसाउनेछ । यतिबेला यदि प्रचण्डको संसद्वादी राजनीतिक सक्रियता कायम रहने हो भने उनको राजनीतिकस्थल बनाउनु आवश्यक हुनेछ । त्यो स्थान भनेको एमालेमा प्रवेशबाहेक अर्को हुनेछैन ।

दोश्रो शर्त, माओवादीका विरुद्ध प्रतिक्रियावादीहरूको खेदाइ हो । माओवादी आन्दोलन भनेको प्रचण्ड बाबुराम या अरू कसैको स्वार्थको कुरा होइन । माओवादी आन्दोलन भनेको जनताको आमूल परिवर्तन, समाजवादी सत्ताको स्थापना, मानवजातिको स्वतन्त्रता र वैज्ञानिक समाजको निर्माण निर्माण गर्ने अभियान हो । यो अभियानमा विश्वका पुँजीवादी साम्राज्यवादीहरूजस्तै नेपालमा पनि उसका दलालहरू घनीभूत तरिकाले लागिरहेका छन् । जसरी अहिले जनताका मुद्दाहरू : राष्ट्रियता, जनतन्त्र, जनजीविकालाई कमजोर पारिँदैछ, जुन तरिकाले अहिले प्रतिक्रियावादी सत्ताले कम्युनिस्टका विरुद्ध आक्रमण गरिरहेको छ । त्यसबाट नवसंशोधनवादीहरू छटपटाइरहेका छन् र यो परिस्थितिले विचलितहरूका लागि सुरक्षित स्थान बनाउनु अनिवार्य हुनेछ । त्यस अवस्थामा अहिलेको माकेका लागि एमाले पार्टी नै यस्तो सुरक्षित स्थान हुनेछ, जहाँ उनीहरूले आफ्नो दक्षिणपन्थी तथा दलाल पुँजीवादी यात्रालाई कम्युनिस्टका साइनबोर्डभित्र सुरक्षित गर्न सक्नेछन् । यो सम्भावना कांग्रेसमा प्रवेश गर्दा कति प्रयोगमा आउन सक्ला ? माकेका लागि कांग्रेसको रुख चिन्ह लिएर चुनावमा जान कार्यनीतिक रूपले जति सजिलो हुनेछ, सिधै पार्टीमा प्रवेश गर्नु त्यति सम्भव देखिनेछैन किनकि मार्क्सवादको दर्शनबाट प्रशिक्षित भएकाहरू संगठनात्मक क्षेत्रमा सामाजिक जनवादमा ओर्लन गाह्रो हुनेछ । त्यसमा माकेका लागि एमालेको मार्क्सवाद कछुवाको खपेटा सावित हुनेछ । जसले हुरी झरी र अकस्मात हुने आपतकालमा टाउको र खुट्टा लुकाउने स्थान दिनेछ ।

माकेका निम्ति एमालेमा प्रवेश गर्न एमालेको एउटा नीति वाधक हुन सक्छ, त्यो भनेको दलाल पुँजीवादी खोलभित्र उसको सामन्तवादी रुझान हो । जसको उद्देश्य देशमा राजतन्त्र फर्काउनुहुन्छ । एमालेको यो नीति बुझेका प्रचण्डले माके पार्टीलाई गणतन्त्रवादी देखिएको कांग्रेससँग सरकारी गठबन्धनमा त पुऱ्याए तर एमालेको नियतलाई न उदाँगो गर्न सके न भण्डाफोर । बरु भारतका अगाडि गरिएको लम्पसारवादी नीतिका कारण माके अत्यन्त रक्षात्मक बन्यो जुन कुरा अहिले पनि उनीहरू भन्न सक्ने छैनन् तर सत्तामा टाँसिरहनका लागि जे पनि गर्न तयार हुने अवसरवादी एमाले नीतिका अगाडि प्रचण्डको विवशतालाई प्रयोग गर्ने हजार उपायहरू निस्कनेछन् । माकेसहितको पार्टीले गणतन्त्रको निरन्तरतामा विश्वस्त बनाउन सक्दा उनीहरूको प्रवेशलाई सहज बनाइन सक्छ ।

तेस्रो शर्त हो, माके पार्टीमा भएका साथीहरूको गम्भीर वैचारिक एवम् राजनीतिक विचलन । शान्तिप्रक्रियामा प्रवेश गरेदेखि नै तत्कालीन एमाओवादी र अहिलेको माके पार्टीमा यति गम्भीर राजनीतिक विचलन देखापरेको छ कि उनीहरूका लागि कम्युनिस्ट सिद्धान्त नीति, देश र जनताका मुद्दाहरू, समाजवाद र साम्यवाद भनेको एकादेशको कहानी जस्तो भइसकेको छ । उनीहरूको बुद्धि, विवेक, चातुर्य, शौर्य, कान्ति, नैतिकता, अनुशासन तथा लक्ष्य उद्देश्य केवल सुन चाँदीको तस्करी तथा विशाल योजनादेखि चर्पीमासमेत घुसखोरी प्राप्त गर्नु, गोलमटोल शैलीमा मानिसलाई तिलमिल पार्नुमा सीमित हुन पुगेको छ । यसप्रकारको कामले उनीहरूको जनतामा जाने नैतिकतासमेत समाप्त भएको छ । र, त्यसले उनीहरूलाई राजनीतिक रक्षाको लागि एमालेमा प्रवेश गर्नेबाहेक अर्को विकल्प दिनेछैन ।

माके पार्टीमा यी कठोर विषयमा निर्मम समीक्षा चलोस् । माओवादी राजनीति र नैतिकतामा फर्कन एकपटक चुनबाङसम्मका दस्तावेज र त्यसपछिका हर्कतहरूको समीक्षा होस् । नेपाली उखानमा "हेर्दा हेर्दै के ... भयी" भने जस्तै हेर्दा हेर्दै माके पार्टीको पटाक्षेप एमालेमा विलय हुने अवस्था नआओस् ।

## विप्लवद्वारा ...

विश्वभरिको अनुभव छ तर नेपालमा पार्टीभित्रका आत्मसमर्पणकारी दलाल र पार्टी बाहिर दलालको गठजोडका कारण शान्तिप्रक्रिया असफल भएको छ । विश्वभरिका कम्युनिस्टहरू र जनवादी शक्तिहरूले त्यसलाई समर्थन गरेका छन् । शान्तिप्रक्रिया असफल भएको र त्यसलाई नमान्ने अथवा विद्रोह हामीले गऱ्यौं । त्यसैले हामी आजको जुनसुकै परि स्थितिमा जनयुद्धकै निरन्तरता छ भनेका छौं । यद्यपि हामीले थप समीक्षा गरेका छौं । तसर्थ, यो चुनाव २०५४ जस्तै जनयुद्धभित्रको चुनाव हो" विप्लवले भन्नुभएको छ । त्यसैले नेकपा र माओवादी केन्द्रका बीचमा आधारभूत भिन्नता देखिन्छ । अर्कोतिर विप्लव नेतृत्व नेकपा सोलोडोलो एकताको पक्षमा छैन । माकेभित्रका क्रान्तिकारीहरूलाई ध्रुवीकरणमा लिड गर्ने उसको रणनीति देखिन्छ । दक्षिणपन्थी र प्रतिक्रान्तिकारी विचारका नेतृत्वको ध्रुवीकरण उसको रणनीति देखिन्छ ।

क. सुदर्शन र क. सन्देशलगायतको ध्रुवीकरण र तिलक परियारलगायतको पलायनले त्यसलाई पुष्टि गरेको छ । प्रचण्ड समूहमा आएको संकट टार्न र पराजय तथा कार्यकर्तामा भागदौडबाट पैदा भएको संकटलाई भरथेग गर्न प्रचण्डले ध्रुवीकरणको पासो फालेको देखिन्छ । प्रचण्डको दिमागमा भयङ्कर उथलपुथल र वेचैनीको बादल मडारिरहेको अवस्थामा त्यसलाई रोक्न अनेक हल्ला र भ्रमको खेती उनले गरिरहेको अनुमान गर्न सकिन्छ । पहिलो र दोस्रो चरणको निर्वाचन परिणामले प्रचण्डको दक्षिणपन्थी सुधारवादी पार्टी बनाउने सपनालाई पनि ध्वस्त बनाइदिएको छ । एमाले नै दक्षिणपन्थी सुधारवादी संशोधनवादी धाराको नेतृत्व गरिरहने देखिएको छ । बढ्दो क्रान्तिकारी गतिविधि र ध्रुवीकरणका कारण अर्को संकट छ । तीव्र गतिमा एकातिर कार्यकर्ता एमालेतिर प्रवेश गर्ने र अर्कोथरि नेकपातिर प्रवेश गर्ने भइरहेको अवस्था देखिन्छ । नेपाली कांग्रेससँगको गठजोडले नेकपा (माओवादी केन्द्र) ले बदनामी र नैतिक ह्रास कमायो तर चुनावी फाइदा भएन । त्यसैले प्रचण्डको एकता प्रस्ताव पराजयको कुण्ठा मात्र बुझ्न सकिन्छ ।

## चिनियाँ सेनालाई ...

रक्षाको लागि जुनसुकै मूल्य चुकाउन पनि तयार रहेको भन्दै थप सैनिकसमेत परिचालन गर्ने जनाएको छ । रक्षा मन्त्रालयका प्रवक्ताले पत्रकार सम्मेलनमा भारतले सिमा मिचेर अन्तर्राष्ट्रिय नियमको समेत उलंघन गरेको बताएका छन् । साथै प्रवक्ता वु कियाङले सिमा क्षेत्र डोक्लानमा थप सेना परिचालन गर्न लागिएको पनि जानकारी दिएका छन् । गत जुन महिनामा उक्त सिमा क्षेत्रमा चीनले सडक बनाउन लाग्दा भारतले अवरोध गरेपछि विवाद उत्पन्न भएको थियो । जसको कारण अहिले चीन र भारतविचको सम्वन्ध निकै चिसो भएको बताइन्छ ।

## रातो खबरमाथिको ...

गरेको इतिहास स्मरण गराउनुभयो । रातो खबर प्रकाशनगृहले बिहीबार काठमाडौं, बागबजारस्थित सिटी म्याक्समा आयोजना गरेको चियापान तथा भेटघाट कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो । कार्यक्रमका प्रमुख अतिथि सुदर्शनले विश्वमा तीव्र गतिमा विकास भएको प्रविधिको प्रयोग गरेर रुसले साइबर युद्धमार्फत अमेरिकाको जग्गा दलाल डोनाल्ड ट्रम्पलाई चुनावमा जिताएको पनि बताउनुभयो । उहाँले पत्रकारिता स्वतन्त्र हुन्छ भनिए पनि आफ्नो पार्टीको चुनाव खारेजी अभियानको बेला कालिकोटका जनताले गरेको प्रतिरोधलाई नेपालका कथित ठूला संचार माध्यमले समाचार नबनाएको तर थबाङ्गको विषयलाई लिएर भँगेरेटाउके अक्षरमा ठूलाठूला समाचार बनाएको पनि उल्लेख गर्नुभयो । साथै सुदर्शनले ई-रातो खबर अनलाइनलाई विभिन्न खालका लेखरचना र सूचना पठाएर सहयोग गर्न पनि सबैलाई आह्वान गर्नुभयो ।

चियापान तथा भेटघाट कार्यक्रमका अतिथि ईश्वरीप्रसाद दाहाल 'असारे काका' ले सरकार कलमदेखि डराएर रातो खबरका निर्देशकसहितको टोलीलाई पक्राउ गरेको बताउनुभयो । साथै, उहाँले २०४५/०४६ सालतिर योजना साप्ताहिक पत्रिका चलाउँदाको अनुभव सुनाउँदै अहिलेको जमाना अनलाइन र ट्विटरसम्म पुगिसकेकाले जमानाअनुसारको पत्रकारिता आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका अध्यक्ष तथा रातो खबर प्रकाशनगृहका निर्देशन अनिल शर्मा 'विरही' ले आफ्नो पत्रिकामा राज्यले हस्तक्षेप गरी जनताको सूसुचित हुन पाउने अधिकार हनन गरेको भन्दै प्रशासनको यस्तो हर्कतको भर्त्सना गर्नुभयो । उहाँले प्रेस काउन्सिलले बारम्बार आफ्नो प्रकाशनलाई आँखा लगाएको र दुःख दिने गरेको पनि बताउनुभयो । कार्यक्रममा वरिष्ठ प्रगतिवादी कवि पूर्णविरामले 'जमुना बहिनी अब मैले कसको के कुरा गर्नु ?' शीर्षकको कविता प्रस्तुत गर्नुभएको थियो भने रातो खबर साप्ताहिकका सम्पादक अशोक सुवेदीले रातो खबर साप्ताहिकको इतिहास र अहिलेका सञ्चार माध्यमको इतिहासका विषयमा बोल्नुभएको थियो ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्यहरू भेषराज भुसाल, कृष्ण अधिकारी 'रवि', धनबहादुर महर्जन, युवा संघका केन्द्रीय अध्यक्ष झकबहादुर मल्ल 'सुदीप', उदय चलाउने ' दीपक', तमु राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष मकर गुरुङ, जनगणतान्त्रिक सम्पर्क मञ्चका अध्यक्ष रत्न मगर, अनेमसंघ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंह, अखिल नेपाल जनसांस्कृतिक महासंघका महासचिव खेम थपलिया, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष माणिक लामा, खेलकुद महासंघका अध्यक्ष जयन्द्र चन्द, क्रान्तिकारी पत्रकार संगठनका केन्द्रीय अध्यक्ष प्रभात चलाउने, रेडियो मिमिरिका इन्चार्ज पुष्प न्यौपाने, नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष राजेन्द्र महर्जनको उपस्थिति रहेको थियो । त्यसैगरी कार्यक्रममा प्रलेसका अध्यक्ष मातृका पोखे्रललगायत विभिन्न अनलाइन पत्रिकाका सम्पादकहरूको उपस्थिति रहेको थियो ।

रातो खबर प्रकाशनगृहअन्तर्गत रातो खबर साप्ताहिक छापा पत्रिका र ई-रातो खबर अनलाइन पत्रिका सञ्चालन भइरहेको छ । हालै सञ्चालनमा आएको ई-रातो खबर पत्रिकाका विषयमा आफ्ना लेखक, संवाददाता, विज्ञापनदाता र पाठकहरूबाट आवश्यक सल्लाह र सुझाव लिएर आफूलाई अझ समृद्ध गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा सहभागीहरूले ई-रातो खबर अनलाइनलाई अझ कसरी राम्रो बनाउन सकिन्छ भन्ने विषयमा विभिन्न खालका सल्लाह सुझाव दिएका थिए । कार्यक्रमको मुख्य अंशको प्रत्यक्ष प्रसारण रेडियो मिर्मिरेले गरेको थियो । रातो खबर प्रकाशनगृहका अध्यक्ष अनिल शर्मा 'विरही' को अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन प्रकाशनगृहका प्रबन्ध निर्देशक भीम चापागाईंले गर्नुभएको थियो भने प्रकाशनगृहकै सदस्य अम्बिका चन्द 'सुदृष्टि' ले स्वागत मन्तव्य राख्नुभएको थियो ।


## वैदेशिक रोजगार विभागको अत्यन्त जरुरी सूचना

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रुपमा समेत तयार हुनुपर्दछ ।
२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझि स्वीकृति प्राप्त मेनपावर मार्फत् जानुहोला । एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवं त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्नसक्ने सम्भावना हुन्छ ।
३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? एकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनु होला । बुझाउको रकमको भरपाई लिन नबिर्सनुहोला । एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ ।
४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूतावासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा लिई जानुहोला ।
५. सूचिकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बीमा अनिवार्य गराउनुहोला । विदेश जानुअघि अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिनुपर्छ ।
६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको एक प्रति आफूसँग राख्नुहोला । फरक फरक सम्झौता नगर्नुहोला ।
७. वैदेशिक रोजगारीसँग सम्बन्धत तपाईंका सम्पूर्ण कागजातहरु (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बीमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला ।
८. कानुन बमोजिम सुविधा (बीमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाइमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला । विभागको स्वीकृति बेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन । याद गर्नुहोस् यसो गरेमा तपाईंलाई कारबाही हुनसक्छ । यसबाट तपाई वा तपाईंको परिवार सुविधाबाट वञ्चित हुन सक्नुहुन्छ ।
९. वैदेशिक रोजगार सम्बन्धी जानकारी तथा सूचना र ठगी सम्बन्धी जानकारी गराउन तत्काल विभागको हटलाइन फोन नं. ०१-४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला ।
१० पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरुपले श्रम स्वीकृति लिनुहोला । करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारकै तर्फबाट कुनै पनि कानुनीउपचार र सुविधा उपलब्ध हुनेछैन ।
११ महिला कामदारहरु वैदेशिक रोजगारीको लागि साउदी अरेबिया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रुपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिषा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला ।
१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वा वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला ।
१३. वैदेशिक रोजगारीका लाग प्रकाशित हुने सूचनाको आदिकारिकता बुझ्नु होला । कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला ।

नियमित

# गोयबल्सहरूका विरुद्ध



■ अशोक सुवेदी

तानाशाह शासक हिटलरको सञ्चारमन्त्री गोयबल्सको एउटा सूत्र थियो- सयपल्ट सत्यजस्तै गरी दोहोऱ्याऊ, असत्य पनि सत्य हो भन्ने भान पर्छ। वास्तवमै आज वर्गसमाजमा प्रतिक्रियावादी वर्गको स्वार्थरक्षाका लागि दलालहरूद्वारा सञ्चालित ठूला सञ्चारगृहहरूले जनताका आवाजहरू बन्द गराएका छन् र आफ्ना मालिकहरूको स्वार्थपूर्ति गर्ने गरी गोयबल्सलाई पनि फिक्का बनाइदिएका छन्।

हिटलर र गोयबल्सहरू श्रमिक सर्वहारा वर्गका विरोधी विचारका प्रतिनिधि पात्रहरू हुन्। उनीहरू आफ्नो वर्गप्रति इमानदार भएकै कारण हिटलरजस्तो तानाशाहका विचारहरूलाई पनि जनपक्षीय भन्दै सयपल्ट दोहोऱ्याइरहेका थिए। आज हाम्रो समाजका हिटलर र गोयबल्सहरू जनताका आवाज बन्द गराइरहेका छन् र आफ्ना खोटा आवाज चर्कोचर्कोसँग फलाकिरहेका छन्। रातो खबरमाथिको निरन्तर आक्रमण नयाँ जामा लगाएका गोयबल्सहरूको घृणित हर्कत हो। गोयबल्स नकारात्मक बिम्ब थियो र उसले झूटको सहारा लिएको थियो। आज आफूलाई प्रजातन्त्र, लोकतन्त्र र न्यायका पक्षपाती भन्दै हिँड्ने गोयबल्सहरूले न्याय मारेका छन् र झूटलाई सत्यको पगरी गुथाइदिएर भ्रम छरेका छन्।

आज सत्य र न्याय पनि किन्नुपर्ने अवस्था छ। सत्य प्राप्तिका लागि सञ्चालित वर्गसङ्घर्षमा उत्पीडित वर्गका हजारौँ-लाखौँ न्यायप्रेमीहरू लामबद्ध छन् र देश, जनता र वर्गका पक्षमा सम्झौताविहीन सङ्घर्ष सञ्चालन गररहेका छन् तर सत्ता, शक्ति र सञ्चारमाध्यममा पहुँच नहुनुको परिणामस्वरूप जनताले प्रदर्शन गरेका त्याग, शौर्य र बलिदानका गौरवगाथाहरू पनि ओझेलमा पर्ने गरेका छन्। जनताको आवाज ओझेलमा पर्नु भनेको अन्यायको राज बढ्नु हो। अँध्यारोको राज बढ्नु भनेको उज्यालोको भविष्य टाढिँदै जानु हो। न्याय र उज्यालोका पक्षपातीहरूले आँध्यारोको राज अन्त्य गर्न उज्यालोका पक्षमा सन्देश प्रवाह गरिरहनुपर्छ र उत्पीडितहरूले सञ्चालन गरेको सङ्घर्षका गाथा र सुस्केराहरूलाई सञ्चारका माध्यमबाट अभिव्यक्त गरिरहनुपर्छ। यसका लागि प्रभावकारी सञ्चारमाध्यम हुनु आवश्यक छ। यसले मात्र नयाँनयाँ गोयल्सहरूलाई पराजित गर्न सक्छ।

सत्ता शोषकवर्गको हातमा रहेकै कारण महान् विचारक तथा योद्धाहरू कार्ल मार्क्स, लेनिन, माओ त्सेतुङलगायतले वैचारिक, राजनीतिकका साथै सञ्चार मोर्चासमेत समाल्नुभएको थियो। उहाँहरू पत्रकारसमेत हुनुहुन्थ्यो र सम्पादक पनि बन्नुभयो। सञ्चारमाध्यममा आबद्ध हुनु, व्यवस्थापकीय जिम्मेवारी पूरा गर्नु र सम्पादन मोर्चा समाल्नु एउटै उद्देश्यसँग सम्बन्धित पृथक महत्वका विषय हुन्। एउटा राम्रो स्तम्भ, लेख, समाचार, टिप्पणी र विश्लेषण लेख्न सहज छ तर निरन्तर, प्रतिकूलताहरूलाई अनुकूलतामा बदलेर सञ्चारमोर्चाको नेतृत्व गरिरहनु भीषण युद्धमा कमान्डरको भूमिका निर्वाह गर्नुजस्तै हो। सहज समयमा चमकधमकपूर्ण क्षेत्र देखेर सञ्चार क्षेत्रमा आकर्षित हुनेहरू धेरै हुन्छन् तर त्यसलाई वर्गसङ्घर्षको उद्देश्यसँगै लिएर निरन्तर लामबद्ध भइरहनु, नेतृत्व गरिरहनु र वर्गदुस्मनहरूसँग सम्झौताविहीन सङ्घर्ष लडिरहनु झनै चुनौतीपूर्ण विषय हो। एकीकृत जनक्रान्ति पूरा गर्ने मोर्चामा दृढ भएर उभिने क्रममा रातो खबरले दलाल सत्ताका विभिन्न निकायबाट खबरदारी सुन्नुपरेको र सहनु परेको छ तर हाम्रा लागि यो एउटा अवसर पनि हो, चुनैतीपूर्ण अवसर। बितेका अढाइ वर्षमा हामीले रातो खबरलाई मार्क्स नेतृत्वको जाइटुङ र लेनिन नेतृत्वका स्क्रा/प्राब्दाको स्तरमा उठाउने र नयाँ सन्दर्भमा नयाँ जाइटुङ र स्क्रा/प्राब्दा बनाउने प्रयास गरेका छौँ। यही प्रयासस्वरूप रातो खबर प्रकाशनगृहले काठमाडौँमा बिहीबार छलफल कार्यक्रम आयोजना गऱ्यो। नेकपाका स्थायी समिति सदस्य कमरेड सुदर्शन, पार्टी सल्लाहकार क. असारे काकादेखि लिएर गृहसँग आबद्ध व्यक्तित्वहरूले राखेका विचार अनि बहसमा सुझावका लागि तयार शुभचिन्तकहरूका धारणा सुन्दा हामी सही ठाउँमा छौँ र सही गन्तव्यमा यात्रा गरिरहेका छौँ भन्ने अनुभूति पनि भयो।

कार्यक्रममा अतिथि तथा सहभागीहरूले मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओदेखि नेकपाका संस्थापक महासचिव पुष्पलाल र वर्तमान नेकपाका महासचिव विप्लवसम्म सबै पत्रकार, साहित्यकार र प्रायः श्रमजीवी वर्गबाट आएको स्रष्टा नेतृत्व रहेको विषय छलफलमा उठाउनुभयो। कमरेड सुदर्शनले वर्गसङ्घर्षमा सामेल पत्रकार सङ्गठक, प्रचारक, योद्धा र सङ्घर्षशील व्यक्तित्व हो भन्दा हामी जनपक्षीय पत्रकारहरूको छाती गर्वले ढक्क फुल्यो भने कमरेड असारे काकाले महासचिव कमरेड विप्लवले आफूले जस्तै पत्रिकाको हकर भएर वर्गसङ्घर्षलाई सघाएको इतिहास स्मरण गराउँदा आफूले पाएको जिम्मेवारी कम महत्वको छैन भन्ने बोध अझै उचाइबाट भयो।

सञ्चारमाध्यम आवाजविहीनहरूको आवाज हो। आवाजविहीनहरूले आवाज गुन्जाउने माध्यम छापा, ध्वनि, विद्युत् तरङ्गलगायत धेरै विकास भइसकेका छन्। आजको युगलाई साइबरको युग र वर्गसङ्घर्षको नयाँ स्वरूपलाई साइबर वार भन्न थालिएको छ। त्यसैले रातो खबरले पनि केन्द्रीय प्रकाशनगृहका माध्यमबाट छापा र इन्टरनेट दुवै माध्यम प्रयोग गर्दै मोर्चा अघि बढाइरहेको छ। आफ्नो वर्गको पक्षपोषण गर्ने हतियारका रूपमा रहेको यो मोर्चालाई सफल बनाउन सबै जिम्मेवार निकायले आआफ्नो क्षेत्रबाट सहयोग गर्न आवश्यक छ। यसका लागि समाचार बनेका घटनाबरे तत्काल सूचना उपलब्ध गराउँदा र लेख, रचना, सिर्जना र सङ्घर्षका विभिन्न पक्षसँग गाँसिएका विषय गृहमा तत्काल सम्प्रेषण गर्दा हाम्रो उद्देश्य सहज र सार्थक बन्छ।

गोयबल्सले झूट्टा कुरा सम्प्रेषण गरेर श्रमजीवी वर्गको आन्दोलनलाई कमजोर पार्ने र आफ्नो तानाशाही शासन निष्कण्टक बनाउने षड्यन्त्र गरेको थियो। हामीले सत्य कुरालाई समयमै सम्प्रेषण गऱ्यौँ भने यो समाजका सबैखाले गोयबल्सहरू असफल हुनेछन् र एकीकृत जनक्रान्ति सफलताको दिशामा तीव्र गतिमा अघि बढ्नेछ। दुस्मन वर्गले सर्वहारावर्गका विरुद्ध सञ्चालन गरेको एकीकृत हमलालाई कमजोर पार्न र समाप्त बनाउन हामीले पनि एकीकृत जनक्रान्ति तीव्र रूपले अघि बढाउनुपर्छ। यसका लागि जनसञ्चारलाई एकीकृत जनक्रान्तिको एउटा शक्तिशाली हतियार र मोर्चा बनाउनु आवश्यक छ।

# नेपाली जनप्रगतिशील मोर्चा साउदी अरबको तेश्रो महाधिवेशन हुने

■ दिल सुब्बा, साउदी

नेपाली जनप्रगतिशील मोर्चा साउदी अरबले तेस्रो महाधिवेशन गर्ने भएको छ। "परिवर्तनको लागि वैज्ञानिक समाजवादको संसार ! प्रवासी मजदुरहरू एकीकृत जनक्रान्तिको आधार !!" भन्ने मूल नाराका साथ मोर्चाको महाधिवेशन हुन लागेको हो। मुसलमानहरूको दोस्रो ठूलो पर्व बकर ईदको बिदा हुने दिन आउँदो सेप्टेम्बर १ र २ तारिक दिन साउदी अरबको पूर्वी क्षेत्र दमाम सहरमा उक्त महाधिवेशन हुनेछ। मोर्चाका संयोजक मानबहादुर सहकारीको अध्यक्षतामा २५ सदस्यीय महाधिवेशन मूल आयोजक समिति गठन भएको छ। महाधिवेशन सफल बनाउनको लागि विभिन्न उपसमिति र विभागहरू तोकि जिम्मेवारी बाँडफाँड गरिएको छ। जसअनुसार मोर्चाको सहसंयोजक युवराज कार्कीको नेतृत्वमा आर्थिक विभाग, भानु प्रदेशीको नेतृत्वमा प्रचार विभाग, मानबहादुर सहकारीको नेतृत्वमा खेलकुद विभाग र व्यवस्थापन विभाग गठन गरिएको छ। महाधिवेशनमा साउदी अरबियास्थित नेपाली दूतावासका राजदूत प्रा.डा. महेन्द्र सिंह राजपूत, उपनियोग प्रमुख आनन्दप्रसाद शर्मा, एनआरएनएका प्रतिनिधिहरूको उपस्थिति रहनेछ। महाधिवेशनको अवसरमा खुल्ला भलिबल प्रतियोगिताको आयोजना पनि गरिएको नेपाली जनप्रगतिशील मोर्चा साउदी अरबले जनाएको छ।




## शर्मालाई बचाउन ...

पत्राचारका क्रममा तथ्यांक नै केरमेट गरिएको र सर्वसम्मत निर्णयसमेत सच्याएको भेटिएको हो। स्रोतले बताएअनुसार आयोगको रजिस्ट्रारमा दर्ता र चलानीको अभिलेख केरमेट र फेरबदल गरी निर्णय गरिएको मात्र होइन, केही फाइलमा सर्वसम्मत निर्णय भइसकेको विषयलाई आयोगका महानिर्देशक शर्माले केरमेट गरेर सच्याइ हस्ताक्षर गरेको समेत देखिन्छ। यस्तै, दर्जनौं ठाउँमा पत्राचारका चलानी नम्बर 'ब्याक डेट' मा केरमेट गरिएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको अनुसन्धानका क्रममा यस्ता तथ्यहरु भेटिएका छन्। यो घटनामा पूर्व-अर्थमन्त्रीहरु रामशरण महत, कृष्णबहादुर महरासहित अन्य मन्त्रीहरु पनि तानिन सक्ने देखिएपछि यसलाई ढाकछोप गर्ने खेल भइरहेको स्रोतले बताइएको छ। राजनीतिक पहुँच र प्रभावको भरमा शक्तिमा पुगेर विवादित छवि बनाएका शर्मालाई बचाउनका लागि अदालतदेखि अन्य ठाउँमा पावर सेटिङ मिलाउने मिडिया नेता, वकिलदेखि मिडियासम्म सक्रिय भएको बताइएको छ।

**फोहोरमैला व्यवस्थापन सम्वन्धि कालिका नगरपालिकाको सूचना**

१) जथाभावी फोहोर नफालौं।
२) फोहोरको व्यवस्थापन घरमै गरौं।
३) सकेसम्म प्लास्टिकको प्रयोग कम गर्दै जाऔं।
४) प्रयोग भएको प्लास्टिक बाहिर नफालौं।
५) जथाभावी फोहोर फालिएको भेटिएमा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम कारवाही हुने जनाइन्छ।

**कालिका नगरपालिका कार्यालय**
रेडक्रसग्राम, चितवन




निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, ´ail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ